'प्रदेशका सबै जिल्लामा विकास निर्माण' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २२ • अंक ३३४ • २०७७ साल वैशाख १७ गते बुधवार (29 April, Wednesday, 2020) • • मूल्य रु. ५।-

# प्रदेश २ मा थप २ संक्रमित, बीरगञ्ज आइसोलेशनमा भर्ना, संक्रमितको वडा सिल

दिपु मिश्र

चन्द्रपुर(रौतहट) । रौतहटका दुई युवामा प्रादेशिकस्तरमा गरिएका परीक्षणमा संक्रमण नदेखिएपनि काठमाण्डूमा गरिएको परीक्षणमा सङ्क्रमण देखिएपछि परीक्षणको गुणस्तरमा प्रश्न उठेको छ ।

रौतहट जिल्लाको दुई छुट्टाछुट्टै क्वारन्टीनमा राखिएकामध्ये दुईजनामा सङ्क्रमण रहेको पुष्टि भएकोछ ।उनीहरूको प्रादेशिक अस्पताल जनकपुरधाममा स्वाब परीक्षण गरिएको थियो । तर उनीहरूमा संक्रमण देखिएको थिएन। बृन्दावनका संक्रमितलाई वैशाख ६ गते नै क्वारेन्टाइनबाट घर पठाइएको थियो ।अहिले त्यहाँका बासिन्दाहरूमा त्रास फैलिएकोछ ।स्थानीय प्रशासनले प्रादेशिक परीक्षणले ठूलो धोका दिएको बताएकोछ ।

रौतहट जिल्लाको वृन्दाबन नगरपालिका निवासी २४ वर्षीय युवक र अर्का देवाहीगोनाही नगरपालिकाको ३५ वर्षीय पुरुषमा संक्रमण देखिएको छ ।

प्रादेशिक अस्पतालमा संक्रमण नदेखिएको उनीहरूको राष्ट्रिय प्रयोगशाला टेकुमा गरिएको थप परीक्षणमा मङ्गलवार संक्रमण देखिएको पुष्टि भएको हो ।सर्लाहीका १४ वर्षिय संक्रमितकोपनि पीसीआर टेस्ट निगेटिव देखिएपछि काठमाण्डुमा पूनःपरीक्षणगर्दा पोजेटिव आएको थियो ।

चन्द्रपुरको क्वारेन्टाइनमा रहेको वृन्दावन नगरपालिका वडा नम्बर ९का संक्रमित वैशाख ६ गतेदेखि नै घर परिवार, टोल छिमेकमा मिसिएका छन् ।उनी १६ दिन क्वारेन्टाइनमा बसेका थिए ।प्रादेशिक अस्पतालको रिर्पोट निगेटिव देखिएपछि उनलाई घर फर्काइएको थियो ।

करुनियाका युवक भारतको दिल्लीबाट गत बैशाख ४ गते नेपाल आएको र उनलाई बैशाख ६ गतेदेखि देवाही गोनाही नगरपालिकाको वडानम्वर ६ स्थित श्री जयकिसान पोलिटेक्निकल ईन्स्टिच्युट धरहरीमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो । उनी कोरोना भाईरस संक्रमित रहेको जिल्ला जनस्वास्थ्य कार्यालय रौतहटका फोकल पर्सन हरेन्द्र गुप्ताले जनाए ।

त्यसैगरि,वृन्दावनका अर्का संक्रमित जिल्लाको चन्द्रपुर नगरपालिका वडानम्बर ६ स्थित क्वारेन्टाइनमा १६ दिन बसेर यही बैशाख ६ गते घर फर्केका थिए । रोजगारीको सिलसिलामा भारतको कोलकतामा काम गर्दै आएका उनी चैत २२ गते नेपाल प्रवेश गरेका थिए ।



वृन्दावन नगरपालिकालाई सिलगरि व्यापक स्वाब परीक्षणको तयारी गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।संक्रमित दुवैजनालाई उपचारका लागि कोरोना अस्थायी नारायणी अस्पतालमा पठाइएकोछ ।यस अघि त्यहाँ उपचारार्थ रहेका इशनाथ नगरपालिकाका संक्रमित उपचारपछि आइतवार घर फर्किसकेका छन् ।

> 'प्रदेशको मेसिनको रिर्पोटमा शंका भएपछि परीक्षण बन्द गरिएकोछ'डा. देवकोटाले भने, अब प्रादेशिक अस्पतालमा रहेको मेसिन फिर्ता ल्याएर अर्को मेसिन पठाउने तयारी भएकोछ ।यसै हप्ता अर्को मेसिन जडान हुने उनले बताए ।

नारायणी अस्पतालमा अब ५ जनाको उपचार भइरहेकोछ ।४ जना स्वस्थ्य भएर घर फर्किसकेका छन् ।उपचारार्थ भर्ना भएकाहरुमा २ जना बीरगञ्जका , १ जना सर्लाहीका र २ जना रौतहटका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले रिर्पोटमा शंका भएपछि परीक्षण रोकिएको बताए ।

'प्रदेशको मेसिनको रिर्पोटमा शंका भएपछि परीक्षण बन्द गरिएकोछ'डा. देवकोटाले भने, अब प्रादेशिक अस्पतालमा रहेको मेसिन फिर्ता ल्याएर अर्को मेसिन पठाउने तयारी भएकोछ ।यसै हप्ता अर्को मेसिन जडान हुने उनले बताए ।

प्रदेश २ मा अहिले पीसीआर जाँच पूर्ण रुपमा बन्द भएकोछ । परीक्षण गरिएका स्वाबहरु पूनःपरीक्षणका लागि टेकु स्थित राष्ट्रिय प्रयोगशालामा पठाइएको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख रामविनय साहले जनाए ।

'यहाँ परीक्षण भएका सबै स्वाब पूनःपरीक्षणका लागि काठमाण्डु पठाइएकोछ 'त्यस मध्येको रौतहटका २ वटा रिर्पोट पोजेटिव आएकोछ ।यस सर्लाही जिल्लाको धनकौलका १४ वर्षिय युवकको रिर्पोटपनि पोजेटिव आएको उनले बताए ।

'निगेटिव रिर्पोटको मात्र परीक्षणगरि यहाँ टेकु प्रयोगशालाले मेसिन पठाएको थियो' उनले भने, त्यहाँ नै निगेटिव र पोजेटिव दुवैको परीक्षण गरिएको भए मेसिनको विश्वसनियता पत्ता लाग्थ्यो ।तर यहाँबाट पूनःपरीक्षणमा आएको रिर्पोट पोजेटिव आएपछि मेसिनमाथि शंकागरि परीक्षण बन्द गरिएको उनले बताए ।

संघीय सरकारले सहयोग नगरेको आरोप लगाउँदै प्रदेश २ का समाजिक विकास मन्त्री नवलकिसोर साहले पीसीआर मेसिन खरिदको प्रकृया अगाडी बढाएको बताए ।

'चाइनिज मेसिन भरपर्दो देखिएन्' उनले भने, प्रदेश सरकार खरिदका लागि टेण्डर प्रकृया अगाडी बढाएकोछ ।प्रदेश २ मा परीक्षण बढी नभएकाले जोखिम अझै कायमै रहेको उनले बताए ।भारतमा लकडाउन हटेपछि यहाँ मानिसहरुको चाप अत्यधिक बढ्ने संभावना रहेकाले प्रदेश सरकार स्वाब परीक्षणलाई तिव्र बनाउन लागेको मन्त्री साहले जनाए ।

परीक्षणको विश्वसनियतामा प्रश्न उठेपछि कोरोना संक्रमणको चिन्ता यस प्रदेशमा बढेकोछ ।वृन्दावन र देवाहीगोनाही नगरपालिकाको वडाहरुलाई सिल गरिएको प्रहरीले जनाएकोछ ।

# नेकपा सचिवालय बैठक आज, एउटा पद छाड्न ओलीमाथि चर्को दवाव

टुडे समाचारदाता

काठमाण्डु । समाजवादी पार्टीलाई फुटाउन असफल भएका प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी भित्रको दवाव छल्न बैठक सार्न थालेका छन् ।

मंगलवार बस्ने भनिएको सचिवालय बैठक बुधवार साँझ ५ बजे सम्मका लागि सारिएकोछ । मंगलवार साँझ सम्म प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच छलफलपछि बुधबार सचिवालय बैठक बोलाउने सहमति भएको हो ।

दुई अध्यक्षबीचको छलफल लम्बिएपछि बुधबार साँझ ५ बजेका लागि बैठक बस्ने जानकारी सचिवालय सदस्यलाई गराइएको हो।

अध्यक्ष प्रचण्डसित भेँटेर प्रधानमन्त्री ओलीले सचिवालय बैठक बोलाउन सहमत भएपनि आफ्ना पक्षधर, मिलाउन सकिने सांसद, नेताहरुसित छुट्टाछुट्टैको छलफललाई बाक्लो बनाएका छन् ।

पार्टी संसदीय दलमा बहुमत रहेको दाबी गर्दै आएका प्रधानमन्त्री ओलीले आफू निकट सांसदसँगको छलफललाई घनिभूत बनाएका हुन्। संसदीय दलमा बहुमत साबित गर्न ओलीले वरिष्ठ नेता माधवकुमार नेपाल पक्षधर र पूर्व माओवादी तर्फका सांसदहरुलाई समेत अनेक प्रलोभनदिदै फकाउने प्रयासमा लागेका छन् । आन्तरिक विवादलाई समाधान गर्न प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् सदस्यको हेरफेरदेखि मुख्यमन्त्री परिवर्तनसम्मका प्रस्ताव अघि सारेका छन् । तर प्रचण्ड, नेपाल, झलनाथ खनाल र वामदेव गौतमले अध्यक्ष र प्रधानमन्त्री मध्ये एउटा पद तत्काल त्याग गर्न दवाव बढाएका छन् ।

प्रधानमन्त्रीबाट राजिनामा दिएर ओलीलाई बालकोट जान वामदेव गौतमले भेँटेरै भनिसकेका छन् ।सचिावलयमा ओली अल्पमतमा परिसकेका छन्। अध्यादेश ल्याएर समाजवादी पार्टी फुटाउनेदेखि अख्तियार लगायतको संवैधानिक आयोगमा एकतर्फी आफ्ना मान्छे भर्ना गर्ने ओलीको बिरुद्ध पार्टी भित्रकै नेताहरुले मोर्चा खोलिसकेका छन् ।

मधेशी दलहरु फुटाउन ओली पूर्ण रुपमा असफल भै आफ्नै पार्टीमा समेत एक्लिन थालेका छन् ।उनले स्थायी कमिटी बैठकबाट राजिनामा माग गर्ने भयले बैठक नै बोलाउन चाहेका छैनन् ।

९ सदस्यीय सचिवालय समितिमा ओलीको पक्षमा उनी समेत ३ जना छन् ।सचिवालय र स्थायी कमिटीमा बहुमत बनाउन उनले केहि नेताहरुलाई मुख्यमन्त्री र मन्त्री बनाउने सम्मका आश्वासन दिएको बताइन्छ ।तर ओलीलाई पत्याउने पक्षमा कोही नेता नभएको बताइन्छ ।




# सरकार बिरुद्ध जसपा जनतामा जाने

टुडे समाचारदाता

काठमाण्डु । नवगठित जनता समाजवादी पार्टीले सांसद अपहरणको मुद्दा दर्ता गर्न सरकारी वकिलको कार्यालयले अस्वीकार गरेपछि जनतामा जाने चेतावनी दिएकोछ ।

प्रहरीले दर्ता गर्न नमानेपछि मंगलवार जसपाका शीर्ष नेताहरु बबरमहलस्थित सरकारी वकिलको कार्यालय पुगेका थिए ।सरकारी वकिल कार्यालयका प्रमुख हरिप्रसाद रेग्मीले तर्क गर्न नसकेपछि छलफलका लागि निवेदन छाडेर जान आग्रह गरेका थिए ।

तर जसपाका नेताहरुले दर्ता नगरिएपछि निवेदन लिएर नै फर्के ।उनीहरुले सरकार बिरुद्ध अब जनतामा जाने धम्कीदिदै ओली सरकारले लोकतान्त्रिक मान्यताको उपहास गरेको आरोप लगाए ।

जसपाले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीका सांसद महेश बस्नेत, किसान श्रेष्ठ र पूर्वआईजीपी सर्वेन्द्र खनालविरुद्ध अपहरण तथा शरिर बन्धक सम्बन्धी मुद्दा दर्ता गराउन चाहेकोछ ।

बस्नेत, श्रेष्ठ र खनालले समाजवादी पार्टीका सांसद डा.सुरेन्द्र यादवलाई महोत्तरीबाट अपहरणको शैलीमा काठमाण्डु लगेर पार्टी फुटाउने असफल प्रयास गरेका थिए ।



# जनप्रतिनिधिको सेवा-सुविधाको बजेट राहत कोषमा

जलेश्वर।महोत्तरीकोभङ्गाहा नगरपालिकाले जनप्रतिनिधिको सेवासुविधा शीर्षकमा विनियोजित गरिएको बजेट विपद् व्यवस्थापन कोषमा जम्मा गरेको छ।

नगर कार्यपालिकाको निर्णयानुसार चालू आर्थिक वर्षमा जनप्रतिनिधिको सेवासुविधाका लागि विनियोजित गरिएको रु ६० लाख राहत वितरणका लागि विपद् व्यवस्थापन कोषमा जम्मा गरेको नगरपालिकाले जनाएको छ।

यसअघि यस कोषका लागि विनियोजित रु २० लाख, जनप्रतिनिधिको सञ्चार, बैठक, भ्रमण र खाजाखर्चवापत विनियोजित रु ८० लाखमध्ये रु ६० लाख र सङ्घीय सरकारबाट प्राप्त रु १५ लाखसहित अब विपद् व्यवस्थापन कोषमा रु ९५ लाख जम्मा भएको नगरप्रमुख सञ्जीवकुमार साहले जानकारी दिनुभयो।

"जनप्रतिनिधिका सेवासुविधाका लागि रु ८० लाख विनियोजित थियो", उहाँले भन्नुभयो, "कोभिड-१९ सन्त्रास छाउनुअघि नै रु २० लाख खर्च भएछ, बाँकी सबै रकम विपद् व्यवस्थापन कोषमा जम्मा गरेर राहत बाँड्ने निधो गरेका हौँ ।" अतिविपन्न परिवारलाई राहत वितरण गर्न, क्वारेन्टाइन केन्द्रमा आवश्यक स्वास्थ्य सामग्री खरिद गर्न र अन्य व्यवस्थापनमा रकम घट्न नदिने नगरप्रमुख साहको भनाइ छ । महोत्तरीसहित प्रदेश नं २ का स्थानीय तहमा अति विपन्नहरूको पहिचान र उनीहरूलाई राहत दिने कुरामा राजनीतिक दखलन्दाजी बढ्दा यो कार्यक्रम धेरैजसो ठाउँमा विवादित बनेको छ।

अतिविपन्न परिवारको पहिचान नगरी राजनीतिक भागवण्डामा राहत कार्यक्रम लगिँदा भङ्गाहासँगै सीमा जोडिएका धनुषाको बटेश्वर गाउँपालिकामा जनप्रतिनिधि र गरिबबीच झडपकै स्थिति बनेको थियो।

अन्य ठाउँमा देखिएका विवादबाट शिक्षा लिँदै राहत वितरण गरिबको चुलो निभ्न नदिनमा केन्द्रित हुने भङ्गाहाका जनप्रतिनिधिको भनाइ छ। जारी लकडाउनमा भोकभोकै रहेका गरिब तथा विपन्नलाई चामल, दाल, नुन, खानेतेलजस्ता खाद्यान्न समाग्री वितरण गर्ने कार्य जारी राखिएको नगरप्रमुख साहले बताउनुभयो।

जनप्रतिनिधिका लागि नगरसभाले दैनिक भ्रमण भत्ता, सञ्चार खर्च, चियाखाजा र अतिथि सत्कारलाई छुट्याएको रकम यसपटक महामारी छल्न प्रयोग गर्ने निर्णय गरेको कुरालाई जिल्लाका बुद्धिजीवीले सराहना गरेका छन्।

आपतविपद्मा गरिब जनताका लागि भङ्गाहाका जनप्रतिनिधिले देखाएको उदारता अन्य ठाउँमा पनि अनुसरण गर्नुपर्ने बुद्धिजीवीको भनाइ छ ।रासस

# संक्रमित फेला परेको क्षेत्रलाई स्यानिटाइज गरिदै

**टुडे समाचारदाता**

वीरगंज । वीरगंजमा पहिलो पटक नेपाली नागरिकमा कोरोना पुष्टि भएपछि स्थानीयमा त्रास फैलिएको छ । संक्रमित वडाहरुलाई सिल गरिएको छ । फैलिएको संत्रासलाई न्युनिकरण गर्नको निम्ति वीरगंजमा संक्रमित भएका व्यतिहरु रहेको वडा नं ३ र १६ सहित नारायणी अस्पताललाई समेत स्व. गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले सोडियम हाईपोक्लोराईट नामक स्यानेटाईजरबाट उक्त क्षेत्रहरुलाई पुर्ण रुपले सेनेटाईज गरेको छ।




वीरगञ्ज महानगरपालिकामा थप २ जनामा कोरोना भाइरस अर्थात कोभिड-१९ पुष्टि भएको छ । जसमध्ये एक वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का कार्यालयमा कार्यरत सरसफाई कर्मचारी छन् । संक्रमित मध्येका एक वीरगञ्ज महानगरपालिकामा वडा नं. ३ घर भएका ५५ वर्षीय पुरुष वीरगञ्ज महानगरपालिका कार्यालयमा कार्यरत सरसफाई कर्मचारी (नाईके) हुन।

गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साका अध्यक्षमोहम्मद सहाबुदिनका अनुसार वीरगंज महानगरपालिकाको ३२ वटै वडाहरु सेनेटाईज गरिने छ।

# मकै बेचेर ऋण तिर्ने सपना तुहियो

**दिपु मिश्र**

चन्द्रपुर । लकडाउनसँगै हावाहुरी र असिनापानीले रौतहटको चन्द्रपुर नगरपालिकाका किसानहरुको मकै बेचेर ऋण तिर्ने सपना तुहिदै गएको छ ।

जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर ८ र ९ स्थित सिन्दुरेघारी, मर्धर, चेतनगर सन्तपुर, नजरपुर, बेतौना र अल्टोकिका किसानहरुको मकै बेचेर ऋण तिर्ने सपना तुहिदै गएको हो।

बैशाख ७ गते रौतहटमा आएको विनासकारी हाबाहुरी,असिनापानीको बर्षाले खेतमा लगाएको अन्नबाली पुर्णरुपले नष्ट भएको किसानहरुको भनाई रहेको छ।

चन्द्रपुर नगरपालिका वडा नम्बर ९ सिन्दुरेघारीका किसान भुलनाथ गौतमले फागुण मसान्तको अन्तिममा लगाएको मकै बाली जेठ मसान्त भित्रयाउने भएको थियो । विनासकारी असिनापानीको कारण लगाएको मकैको घोघा पनि बाँकि नरहेको बताए। उनले यसपाली लगाएको मकैले बैंकको ऋण र व्याज तिर्न सोचेको थिए, उलने भने-'ऋ्रण लिएर लगाएको मकैको बीउ सहितको व्याज बढेको छ।

चन्द्रपुर नगरपालिका-९ चेतनगरका किसान लक्ष्मिप्रसाद चौलागाईले छोरा छोरीको स्कुलमा तीन/चार महिनादेखि बाँकि रहेको स्कुलको फि तिर्ने सहारा रहेको मकै यसपालिको असिनापानीले खेतमै लडाउदा मने रोएको



बताए । कोरोना भाईरसको महामारीका कारण भएको लकडाउनमा घर खर्चपनि ऋण/सापटी लिएर चलाउदे आएको अवस्थामा सम्पुर्ण सपना नै तुहिएको किसान चौलागाईको भनाई छ।

असिनापानीले थुरथुर भएर नष्ट भएको नगदेबालीलाई तीनै तहको सरकारले उचित राहतको व्यवस्थ गर्न मर्धरका किसान खड्क बहादुर कार्कीले बताए । यसरी असिनापानीले भएको लाखौंको क्षतिको उपर किसानहरुप्रति सरकारको आँखा पुग्ने पर्ने कार्कीको भनाई रहेको छ।

चन्द्रपुर नगरपालिका वडा नम्बर-९ सिन्दुरेघारीका नेपाली काँग्रेसका युवा नेता सुर्य बहादुर थापाले तीनै तहको सरकारले किसानहरुको क्षति भएको मकै लगायत अन्य नगदे अन्न बालीको यथाशिघ्र राहतको सुविधा उपलब्ध गराउन सम्बन्धित निकायमा अवाज उठाउने बताए।

उनले आफ्नो वडा लगायत नजिकका गाउँ समेतको क्षति विवरण टिपोट गरी वडा कार्यालयमा बुझाईएको बताए। नेता थापाले सरकारले क्षतिपुर्ति दिनुपर्यो,नभए किसानहरुको राहतको लागि निःशुल्क बाली बिमाको सुविधा गरिदिनु पर्यो।

लकडाउन खुलेपछि असिनापीडित परिवारका बिद्यार्थिहरु पहिचान गरी छात्रवृतीको सुविधा गराउन नगरपालिकामा छलफल राख्ने नेता थापाले जानकारी दिए।

यसैगरी जिल्लामा गत शुक्रबार आएको हाबाहुरी असिनापानी सहितको बर्षाले कटहरिया नगरपालिका सहित बिभिन्न पालिकामा अन्न र तरकारी बालीमा करोडौंको क्षती पुर्याएको छ।

ठुलो परिणाममा परेको असिनापानीले भौतिक संरचनामा समेतक्षती पुगेको थियो। प्राकृतिक बिपतीले किसानहरु बर्षेनी मर्कामा पर्दै आएको छ । अरुको जमिन भाडामा लिएर खेती गर्दै आएका किसानहरु झनै मर्कामा पर्ने गरेको छ। यसपाली जिल्लामा असिनापानीको कारण जिल्लाको बिभिन्न क्षेत्रमा करोडौंको क्षती भएको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताए।

# दुई प्रतिशत ब्याज छुट दिन राष्ट्र बैंकको निर्देशन

काठमाण्डु । केन्द्रीय बैंकले कोभिड-१९ बाट ऋणीमा परेको असर न्यूनीकरण गर्न ब्याजदरमा दुई प्रतिशत छुट दिन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

नेपाल राष्ट्र बैंकले आज एक सूचना जारी गर्दै कोरोनाबाट प्रभावित व्यवसायीलाई गत चैत मसान्तमा कायम ब्याजमा छुट दिन निर्देशन दिएको हो ।

बैंकका अनुसार अब कर्जा प्रवाह गरेका बैंक तथा वित्तीय संस्थाले ब्याज दुई प्रतिशतले कम गरी आव २०७६/०७७ को चौथो त्रैमासको ब्याज रकम गणना गर्नुपर्नेछ । तर खाद्यान्न प्रशोधन तथा बिक्री वितरण, ग्याँस उत्पादन तथा बिक्री वितरण, इन्टरनेट सेवा प्रदायक, दूरसञ्चार सेवा प्रदायक, टेलिभिजन सेवा प्रदायक, सूर्ती तथा मदिराजन्य उद्योग, सञ्चालनमा रहेका जलविद्युत् आयोजनाको हकमा यो व्यवस्था लागू नहुने बैंकले जनाएको छ।

यसैगरी बैंकले वैशाख तथा जेठमा असुल गर्नुपर्ने मासिक/त्रैमासिक किस्ताको भुक्तानी आगामी असार मसान्तसम्म हुने व्यवस्था मिलाउन पनि बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । यस्ता किस्ताको हकमा कुनै पनि थप शुल्क तथा हर्जाना लिन नपाइने निर्देशनमा उल्लेख छ।

यस्तै लकडाउनको अवधिमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण चालुपूँजी प्रकृतिका अल्पकालीन कर्जाको साँवा तथा ब्याजको भुक्तानी अवधि ६० दिनसम्म थप गर्न सकिने बैंकले जनाएको छ ।रासस

# उद्योगमन्त्रीलाई सांसदको सुझाव

काठमाण्डु। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने विषयका बारेमा सङ्घीय संसद् का सांसदहरुसँग छलफल थालेको छ।

मन्त्री लेखराज भट्टले मंगलबार सुदूरपश्चिम प्रदेश र प्रदेश नं ५ बाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरुसँग छलफल गर्नुभएको हो। सांसदहरूले सुक्खा बन्दरगाह, औद्योगिक क्षेत्र, औद्योगिककरिडोरकोकामलाईप्रमुख प्राथमिकतामा राख्न, औद्योगिक ग्राम स्थापनाका गर्ने कार्यविधि लचिलो बनाउन, रुग्ण उद्योग सञ्चालन गर्ने वातावरण बनाउन मन्त्री भट्टलाई सुझाव दिनुभएको छ।

स्थानीय स्तरमै खाद्यान्न खरीद गर्ने गरी समर्थन मूल्य तोक्नुपर्ने, गाउँपालिका स्तरमै खाद्य डिपो हुनुपर्ने, रासायनिक मलको आपूर्ति सहज हुनुपर्ने, स्थानीयसँग रहेको सीपलाई प्रवर्द्धन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोड्नुपर्ने सुझाव दिनुभएको छ । सुन चाँदीका गहना बनाउने, भाँडाकुँडा बनाउने उद्योग, कृषि सामग्रीको प्रशोधन गर्ने उद्योगलाई थप परिस्कृत गर्दै जाने र सरकारले त्यस्तो सीपलाई मान्यता दिनुपर्ने सुझाव सांसदहरुको छ।

वैदेशिक रोजगारीबाट फर्कनेका लागि अहिलेदेखि नै रोजगारी दिनेतर्फ ध्यान पुर्‍याउनुपर्ने, सीप सिकेर आएकालाई उद्योग खोल्ने सुविधा दिनुपर्ने, स्थानीय तह, प्रदेश र सङ्घीय सरकारलाई क्रमशः साना, मझौला र ठूला उद्योगको जिम्मा दिनुपर्ने, जडीबुटी प्रशोधन उद्योग खोल्नेतर्फ विशेष ध्यान दिने सुझावसमेत सांसदहरुले दिनुभएको मन्त्री भट्टका स्वकीय सचिव हितेश ओझाले राससलाई जानकारी दिनुभयो।

रासायनिक मलको प्रभावकारी आपूर्तिका साथै प्राङ्गारिक मलको प्रयोगमा ध्यान दिनुपर्ने, राष्ट्रिय गौरवका आयोजना सातवटै प्रदेशमा राखिनुपर्ने सुझाव सांसदहरुको छ। समन्यायका आधारमा पनि त्यस्तो व्यवस्था गर्नुपर्नेमा सांसदहरुको जोड रहेको मन्त्री भट्टको सचिवालयले जानकारी दिएको छ।

मझौला र साना उद्योगलाई संरक्षण दिँदै ब्याज मिनाहा र ऋण तिर्ने तालिका सार्नुपर्ने, पुनर्कर्जाको व्यवस्था गर्नुपर्ने, अल्लो जडीबुटी जस्ता निर्यातयोग्य उद्योग तथा वस्तुको पहिचान गरी निर्यात प्रवर्द्धनमूलक उद्योग स्थापनामा ध्यान दिनुपर्ने जस्ता सुझाव सांसदहरुले दिनुभएको छ।

त्यस्तै कुखुरा व्यवसायका लागि दाना उद्योगका लागि अत्यावश्यक कच्चापदार्थ उत्पादनमा ध्यान दिनुपर्ने र मूल्य निर्धारण हुनुपर्ने जस्ता सुझाव प्राप्त भएको स्वकीय सचिव ओझाले जानकारी दिनुभयो।

सातवटै प्रदेशका राजधानीमा उपलब्ध सांसदहरुसँग छलफल गरी आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने योजना तय गरिएको छ। मन्त्री भट्टले कोरोनाबाट उद्योग तथा व्यवसायको क्षेत्रमा परेको प्रभावलाई न्यून गरेर जाने सोचका साथ छलफल शुरु गरिएको जानकार ीसमेत सो अवसरमा गराउनुभएको थियो ।रासस

> **वैदेशिक रोजगारीबाट फर्कनेका लागि अहिलेदेखि नै रोजगारी दिनेतर्फ ध्यान पुर्‍याउनुपर्ने, सीप सिकेर आएकालाई उद्योग खोल्ने सुविधा दिनुपर्ने, स्थानीय तह, प्रदेश र सङ्घीय सरकारलाई क्रमशः साना, मझौला र ठूला उद्योगको जिम्मा दिनुपर्ने, जडीबुटी प्रशोधन उद्योग खोल्नेतर्फ विशेष ध्यान दिने सुझावसमेत सांसदहरुले दिनुभएको मन्त्री भट्टका स्वकीय सचिव हितेश ओझाले राससलाई जानकारी दिनुभयो।**

# कोभिड-१९ स्वमूल्याङ्कन गराउनेमा काठमाण्डुका बढी

काठमाण्डु । मोबाइल एप्लिकेशनमार्फत सबभन्दा बढी काठमाण्डु जिल्लाका मानिसले कोभिड-१९ को स्वमूल्याङ्कन गरेका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एप्लिकेशनमार्फत सर्वसाधारण सबैलाई कोभिड-१९ को लक्षण स्वमूल्याङ्कन गर्न सक्ने व्यवस्था गरेको छ।

मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले काठमाण्डुपछि बारा, ललितपुर, रुपन्देही, मोरङ, भक्तपुर, सुनसरी, झापा, कास्की र चितवनका मानिसहरुले मोबाइल एपबाट स्वमूल्याङ्कन गरेका छन्। अहिलेसम्म २८ हजार १२५ जनाले स्वमूल्याङ्कन गरिसकेका छन् । तीमध्ये ३०९ जना रेड जोनमा परेको मन्त्रालयका प्रवक्ता डा देवकोटाले बताउनुभयो।

यसैगरी प्रदेशस्तरमा सबभन्दा बढी वाग्मती प्रदेशका सर्वसाधारणले स्वमूल्याङ्कन गरेका छन्। त्यसपछि प्रदेश नं २, प्रदेश नं १, प्रदेश नं ५, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश छन्।

मन्त्रालयका प्रवक्ता डा देवकोटाले अहिलेसम्म ५४ हजार ८२६ जनामा कोभिड-१९ परीक्षण गरिएको बताउनुभयो । तीमध्ये १० हजार पिसिआर र ४४ हजार १९ र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) बाट गरिएका छन् । आरडिटीबाट सबभन्दा बढी सुदूरपश्चिम प्रदेशमा १२ हजार २८३ जनामा गरिएको छ। प्रदेश नं १ मा चार हजार ८२८, प्रदेश नं २ मा पाँच हजार २४९, वाग्मती प्रदेशमा आठ हजार १४, गण्डकी प्रदेशमा चार हजार ९३६, प्रदेश नं ५ मा पाँच हजार ३२८, कर्णाली प्रदेशमा पाँच हजार १८१ जनामा आरडिटी परीक्षण गरिएको छ।

यसैगरी अहिलेसम्म २२ हजार ९९ जना क्वारेन्टाइनमा छन् । तीमध्ये प्रदेश नं १ मा दुई हजार २८८, प्रदेश नं २ मा एक हजार ५१२, वाग्मती प्रदेशमा ३६१, गण्डकी प्रदेशमा ६७६, प्रदेश नं ५ मा १२ हजार १६४, कर्णाली प्रदेशमा तीन हजार ७७९ र सुदूरपश्चिम प्रदेशमा एक हजार ३०९ जना क्यारेन्टाइनमा रहेका छन्।

प्रवक्ता डा देवकोटाले कोभिड- १९ को रोकथाम तथा नियन्त्रणका लागि सामग्रीको मौज्दात रहेको बताउनुभएको छ। बोलपत्र आह्वान गरेर सामग्री तथा औषधि आइरहेकाले मौज्दात रहेको बताउनुभयो। रासस

# दमकल कर्मचारीको निधन

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका कार्यालयको एक कर्मचारीको मंगलवार दिउँसो मृत्यु भएको छ । २०५२ साल देखि बरुन नियंत्रण सेवक को रुपमा कार्यरत रहेको बिक्रम बहादुर क्षेत्रीको ५० वर्षको उमेरमा हृदयाघातबाट निधन भएको हो।

बारुण यन्त्र शाखामा कार्यरत गौर नगरपालिका वडा नम्बर ५ निवासी ५० बर्षीय क्षेत्री कार्यालयमा कार्य गर्दा गर्दै एक्कासि ढले पछि उपचारको लागि जिल्ला अस्पतालमा लागिएकोमा उपचारको क्रममा निजको मृत्यु भएको हो।

बरिष्ठ हेल्पर क्षेत्रीको अल्प आयुमा भएको निधन प्रति गौर नगरपालिकाले एउटा कुशल ईमानदार कर्मचारी गुमाएको भन्दै शोक प्रकट गरेका छन । गौर नगरपालिकाका मेयर अजय कुमार गुप्ता , प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्कीले संवेदना प्रकट गर्दै मृत आत्माको चिर शान्तिको कामना गरेका छन । शव परिक्षण पछि अन्तिम संस्कार गर्नको लागि पीड़ित परिवारको जिम्मा लगाइएको छ।

# सङ्क्रामक रोग ऐन परिमार्जनबारे छलफल

काठमाण्डु । राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सङ्क्रामक रोग ऐन, २०२० मा गरिनुपर्ने परिमार्जनका विषयवस्तुसहित तत्कालीन र दीर्घकालीन रुपमा कार्यान्वियनका लागि सरकारलाई दिनुपर्ने सुझावका बारेमा छलफल गरेको छ।

समितिको मंगलबारको बैठकले उक्त ऐनमा गरिनुपर्ने परिमार्जनका विषयवस्तुसहित छलफलबाट प्राप्त निष्कर्षका आधारमा तत्कालीन र दीर्घकालीन रुपमा कार्यान्वियन गर्न सरकारलाई दिनुपर्ने सुझाव तथा निर्देशनका लागि मस्यौदा तयार गर्ने निर्णय गरेको छ।

मस्यौदाका लागि संविधानसभा सदस्य खिमलाल देवकोटा र सङ्घीय संसद् सचिवालयका सहसचिव (कानून) अर्जुनकुमार खड्कालाई सहजीकरण गर्न जिम्मा दिने तथा सो मस्यौदामाथि अर्को बैठकमा छलफल गरी अन्तिम रुप दिने बैठकको निर्णय छ।

समिति सभापति परशुराम मेघी गुरुङको सभापतित्वमा भएको बैठक विद्यमान कोभिड-१९ को विश्वव्यापी महामारीका सन्दर्भमा सङ्क्रामक रोग ऐन, २०२० को कार्यान्वियन मापन एवं मूल्याङ्कनका सम्बन्धमा सामाजिक दूरी कायम गरी सम्पन्न भएको थियो । बैठकमा समितिका सदस्यहरु, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारी, संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ताद्विय खिमलाल देवकोटा र रमेश लेखक, राष्ट्रियसभाका सचिव राजेन्द्र फुयाँल लगायतको उपस्थिति थियो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथुन | : धन बृद्धि सञ्चय । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चरित्र हत्या गर्न खोजेको नगरप्रमुख यादवको आरोप

**टुडे समाचारदाता**

पोखरिया । बिश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नको लागि जारी गरिएको लकडाउन प्रभावित गरिब, मजदूर, विपन्नलाई पर्सागढी नगरपालिकाले राहत स्वरुप खाद्यान्न गरेको छ।

सोही क्रममा लकडाउनमा समस्यामा परेका अति विपन्न, गरिब परिवारलाई नगरपालिका अन्तर्गतको सबै वडाहरु मार्फत राहत स्वरुप खाद्यान्न वितरण गरिएको छ । सरकारी मापदण्ड अनुसार नै सबै वडामा सर्बदलीय समितिको निर्णय अनुसार यस नपा अन्तर्गत चामल २० किलो, दाल २ किलो, खानेतेल १ लिटर, नुन २ किलो, डिटोल साबुन २ थान र लुगाधुने साबुन २ थानका दरले दुई हजार ९ सय ८५ परिवारमा राहत वितरण सम्पन्न भइसकेको छ।

मंगलबार एक प्रेस बिज्ञप्तिमार्फत नगरप्रमुख लोक नारायण यादवले पालिका भित्रका अतिविपन्न परिवारलाई राहत वितरण गरिएको जनाएका छन् ।



यस नपाबाट वितरीत राहत समाग्रीहरुको गुणस्तरमा कुने त्रुटी नरहेको समेत उनले विज्ञप्तिमार्फत प्रष्टयाएका छन् । वितरण गरिएको समाग्रीहरुको नमुना यस कार्यलयमा सुरक्षित रहेकोले आवश्यक देखिएमा गुणस्तर परिक्षण समेत गर्न सकिनेछ।

नगरपालिकाबाट राहत समाग्री वितरण गर्ने क्रममा सम्बन्धित वडाहरुबाट राहत प्रप्त गर्ने व्यक्तिहरुको सर्वदलीय बैठकको निर्णय बमोजिमका नामावली प्राप्त गरि आवश्यक मात्रामा नपाले खरिद गरि ल्याएको राहत समाग्रीहरु नपाका कार्मचारीबाट आवश्यक्ता अनुसार प्याकिङ्ग, रुजु गरि सम्बन्धित वडाका वडाध्यक्षलाई वितरणको निम्ति बुभाइएको थियो।

वडा नं. ५ मा राहतवितरण कार्यलाई केही व्यक्तिले विवादित बनाउन खोजेको नगर प्रमुख यादवद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

राजनीतिक विवाद के कारण केही दिन अघि त्याहाँ राहत समाग्री समेत लुटिएको थियो-विज्ञप्तिमा उल्लेख छ। राहत सामग्री लुटपाटमा संलग्न ७ जना विरुद्ध प्रहरीले मुद्दा दर्ता गरी कारबाही प्रक्रिया समेत अगाडी बढाई सकेको छ।

सोही क्रममा नगरपालिकाको वडा नं. ५ मा गएको बैशाख ६ गते राहत वितरण भएको ६ दिन पश्चात मात्र मिति टेलिभिजन र अन्य केही अनलाईन संचार माध्यमहरुमा नगरपालिकाबाट गुणस्तरहीन चामल वितरण भएको समाचार प्रसारण तथा प्रकाशनमा आएको बताउँदै समाचार प्रति गम्भिर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

व्यक्तिगत प्रभावमा पारेर समाचार संकलन गराएको र समाचार प्रसारण पुर्व अन्य स्थानियवासी, जनप्रतिनिधि र नगर प्रतिनिधि समेतको प्रतिक्रिया नलिई सोझै सार्वजनिक गरेको नगर प्रमुख यादवको भनाइ छ ।

बनावटी समाचार प्रसारण गरिएको हुदाँ यसै प्रेस विज्ञप्ति मार्फत प्रसारित समाचारहरुको भर्त्सना समेत गरेका छन् । नगरपालिकाले गुणस्तरीय समाग्री नियम संवत खरिद गरी वितरण गरेता पनि केहि व्यक्तिहरुले प्रतिसोधका कारण नगरपालिकालाई बदनाम गर्ने असफल असफल गरिरहेको उनले दावी गरेका छन् ।

## शाहीलाई थुनामुक्त गर्न सर्वोच्चको आदेश

काठमाण्डु । सर्वोच्च अदालतले लकडाउनको उल्लङ्घन गरेको अभियोगमा पक्राउ परेका ज्ञानेन्द्र भन्ने ज्ञानबहादुर शाहीलाई थुनामुक्त गर्न आदेश दिएको छ।न्यायाधीशद्वय पुरुषोत्तम भण्डारी र डा मनोजकुमार शर्माको संयुक्त इजलासले आज सर्वोच्च अदालतका रजिष्ट्रारको रोहबरमा थुनामुक्त गर्ने आदेश जारी गरेको हो।

प्रक्रिया पूरा नगरी भएको कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्ने नदेखिँदा यी निवेदकहरुको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ, आदेशमा भनिएको छ, निवेदकलाई सर्वोच्च अदालतका रजिष्ट्रारको रोहवरमा थुनामुक्त गरिदिनु । गैरकानूनी रुपमा शाहीलाई हिरासतमा राखिएको उल्लेख गर्दै अधिकारकर्मी इन्द्र अर्यालले सर्वोच्च अदालतमा यही वैशाख १२ गते बन्दीप्रत्यक्षीकरण रिट निवेदन दायर गर्नुभएको थियो । सोही निवेदनमाथिको सुनुवाइपछि थुनामुक्त गर्न आदेश दिएको हो । शाहीलाई लकडाउन उल्लङ्घनको आरोपमा प्रहरीले यही वैशाख ९ गते पक्राउ गरेको थियो ।रासस

# राहतसँगै सामाजिक सुरक्षाभत्ता घरघरमै पुगेर वितरण गर्दै

लहान । लकडाउनको मारमा परेका आफ्ना नागरिकलाई सिरहाको सुखीपुर नगरपालिकाले राहतसँगै सामाजिक सुरक्षाभत्ता घरघरमै पुगेर वितरण गर्न शुरु गरेको छ ।

सुखीपुर नगरपालिकाले वडा नं ९ बाट ज्यालादारी मजदुर र विपन्न वर्ग पहिचान गरी राहतस्वरुप खाद्यान्न वितरण शुरु गरेको छ भने वडा नं ८ बाट सामाजिक सुरक्षाभत्ता घरघरमै पुगेर वितरण शुरु गरेको हो। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसविरुद्ध जुधिरहेका विपन्न परिवारलाई मापदण्ड बनाएर खाद्यान्न वितरण शुरु गरेको नगरप्रमुख रामअवतार यादवले जानकारी दिनुभयो ।

सुखीपुर नगरपालिका-९ का दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्दै आएका ३०० विपन्न परिवारलाई राहतस्वरुप प्रतिपरिवार ३० किलो चामल, पाँच किलो दाललगायत सामग्री वितरण गर्न शुरु गरिएको नगप्रमुख यादवले बताउनुभयो । नगरपालिकाकाले सबै वडामा रु पाँच/पाँच लाखका दरले १० वडामा रु ५० लाख बराबरको खाद्यान्न वितरण गर्ने लक्ष्य रहेको नगरप्रमुख यादवको भनाइ छ।

यस्तै सो नगरपालिकाले लकडाउनको पालन गर्दै सामाजिक सुरक्षाभत्ता घरघरमै पुगेर वितरण शुरु गरेको छ । लकडाउनका कारण कार्यालयसम्म आउने अवस्था नरहेकाले घरमै गएर सामाजिक सुरक्षाभत्ता वितरण गर्न थालिएको नगरप्रमुख यादवले बताउनुभयो । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित ज्येष्ठ नागरिक र बालपोषणभत्ता घरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गर्न लागेको छ । कोरोना भाइरसको सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै सरकारले गरेको लकडाउनको मारमा परेका विपन्न, मजदुर परिवारलाई सिरहाको बरियारपट्टी गाउँपालिकाले पनि राहत वितरण गर्न शुरु गरेको छ। वडावडाबाट आएको विपन्न, मजदुर परिवारको विवरणको आधारमा राहत वितरण थालिएको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतोले जानकारी दिनुभयो। प्रतिपरिवार चामल २५ किलो, दाल तीन किलो, नुन दुई प्याकेट, चिनी दुई किलो, खानेतेल दुई लिटर, साबुन राहत वितरण शुरु गरेको गाउँपालिकाका प्रमुख प्रसासकीय अधिकृत अशोककुमार सिंहले बताउनुभयो।

**अवैधरूपमा काठ तस्करी गर्ने पक्राउ**

लकडाउनको मौका छोपी अवैधरूपमा काठ तस्करी गरिरहेको अवस्थामा सोमबार साँझ वन कर्मचारीको टोलीले एक तस्करलाई पक्राउ गरेको छ। डिभिजन वन कार्यालय लहान सिरहाबाट खटिएको विशेष गस्ती टोलीले वन क्षेत्रभित्रबाट अवैधरूपमा हरियो रुख कटान गरी चोरी तस्करी गरिरहेको अवस्थामा लहान नगरपालिका-१७ निवासी ५८ वर्षीय वकिल मियाँलाई पक्राउ गरेको हो।

सामुदायिक वन क्षेत्रभित्रका साल जातको हरियो रुख कटान गरी तस्करी गरिरहेको अवस्थामा मियाँलाई पक्राउ गरिएको डिभिजनल वन कार्यालय लहान सिरहाका प्रमुख सुभाषचन्द्र दासले जानकारी दिनुभयो। पक्राउ परेका मियाँलाई लहान नगरपालिका-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीको जिम्मा जमानीमा बुझाइएको प्रमुख दासले बताउनुभयो। त्यसैगरी सवडिभिजन वन कार्यालय बन्दीपुरअन्तर्गतको वन क्षेत्रमा अवैधरूपमा उत्खनन गरिरहेको अवस्थामा एक थान जेसिबी पक्राउ गरेको जनाएको छ ।रासस

# मौसम सफा हुन अझै केही दिन लाग्ने

काठमाण्डु । पछिल्लो केही दिनयता नेपालमा स्थिर रहेको मौसमी प्रणालीको प्रभाव अझै केही दिन कायम रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

नेपालमा पश्चिमी वायु र स्थानीय वायु पूर्वी भूभाग नजिक बनेको न्यून चापीय क्षेत्रको प्रभाव हुनुका साथै बङ्गालको खाडी-अरब सागरबाट समेत जलवाष्पयुक्त हावा नेपाल प्रवेश गरेकाले मेघगर्जनसहित वर्षा भइरहेको वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बताउनुभयो। उहाँका अनुसार नेपाल प्रवेश गरेको यो मौसमी प्रणालीको प्रकृति हेर्दा अझै केही दिन मौसम सफा हुने अवस्था छैन।

वायुमण्डलमा जलवाष्पयुक्त हावाको प्रवेश र दिउँसोको समयमा घाम नलागेकाले अधिकतम तापक्रम घटेकाले चिसो महसुस भएको मौसमविद्को भनाइ छ। हाल देशको पश्चिमी तथा पूर्वी भूभागका साथै मध्य पहाडी भूभागमा सामान्य बदली भई एक-दुई स्थानमा वर्षा भइरहेको छ।

दिउँसो देशभर सामान्य बदली रही अधिकांश स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। रातको समयमा देशभर सामान्य बदली रही मध्य र पूर्वका केही स्थानमा र पश्चिमका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित हल्का वर्षाको सम्भावना रहेको छ।

बुधबार देशभर सामान्य बदली रही केही स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। बिहीबार देशभर सामान्य बदली भई केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले औँल्याएको छ।

महाशाखाको पछिल्लो विवरणअनुसार मंगलबार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १४ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २४ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

मंगलबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम सात दशमलव पाँच डिग्री र सबैभन्दा बढी जनकपुरको अधिकतम तापक्रम ३१ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ ।रासस

# कोरोना अस्थायी अस्पतालमा अख्तियारको छापा

भरतपुर । भरतपुरस्थित कोरोना विशेष अस्थायी अस्पतालमा अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय हेटौंडाले छापा मारेको छ । अस्पतालका कर्मचारीले नै सामान ओसार्दै गरेको भिडियो विभिन्न सञ्चारमाध्यममा सार्वजनिक भएपछि अख्तियारले मंगलबार छापा मारेको हो ।



दिउँसो १ बजे अस्पताल प्रवेश गरेर अख्तियारको टोलीले अस्पताल र भरतपुर महानगरपालिकाका कर्मचारीलाई सोधपुछ गरेर आवश्यक अनुसन्धानका लागि कागजपत्र नियन्त्रणमा लिएको अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय हेटौंडाका कार्यालय प्रमुख शिवकुमार कार्कीले राससलाई जानकारी दिनुभयो । उहाँले विभिन्न सञ्चारमाध्यममा समाचार सार्वजनिक भएपछि अख्तियारले अनुसन्धानका लागि छापा मारेको बताउनुभयो । अनुसन्धानपश्चात् थप प्रक्रिया अघि बढाइने कार्कीको भनाइ छ।

चैत ७ गतेदेखि सञ्चालनमा आएको सो अस्पताल भरतपुर महानगरपालिकाको अग्रसरतामा सञ्चालनमा आएको हो । चैत २१ गते सो अस्थायी अस्पताल भरतपुरको सरकारी अस्पताल मातहत सञ्चालन हुने निर्णय भएको थियो। सोमबार कर्मचारीले सामानहरु ओसारेको भिडियो सार्वजनिक भएको थियो।

अस्पताल सञ्चालनका लागि गठन भएको कोरोना नियन्त्रण कार्यदलले भने सामान चोरी भएको नभई प्रक्रियाअनुरुप सामानहरु ओसारेको दाबी गरेको छ । कार्यदलले आज एक विज्ञप्ति जारी गर्दै कार्यदलको स्टोर र कोरोना विशेष (अस्थायी) अस्पतालको स्टोर एउटै ठाउँमा भएकाले व्यवस्थित मात्रै गरिएको भन्दै चोरी प्रकरणको बचाउ गरेको हो।

कार्यदलका सदस्यसचिव डा भोजराज अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कोरोना विशेष अस्थायी अस्पताललाई भरतपुर अस्पतालले सञ्चालन गर्ने सहमतिपश्चात् सम्पूर्ण अस्पतालको बरबुझारथ गर्नुपर्ने भएकाले एकै ठाउँमा रहेका स्टोरलाई व्यवस्थित गरिएको हो।' कार्यदलको सोमबारको बैठकमा चैत महिनासम्म अस्पतालमा रु एक करोड २६ लाख खर्च भएको विवरण पेश गरिएको थियो।

यस्तै भरतपुर कोरोना विशेष (अस्थायी) अस्पतालको स्टोरमा भएको घटनाको छानबिनका लागि गठित छानबिन टोलीका संयोजक चितवन उद्योग सङ्घका अध्यक्ष एवम् कार्यदलका संयोजक राजु पौडेलले आफू जिम्मेवारी निर्वाह गर्न असमर्थ रहेको जनाउनुभएको छ।

भरतपुर कोरोना नियन्त्रण कार्यदलले आज एक विज्ञप्ति जारी गर्दै पौडेलको संयोजकत्वमा छानबिन टोली गठन गरिएको जनाएको थियो । सो विज्ञप्ति जारी गरिएको दुई घण्टापश्चात् संयोजक पौडेलले आफू सो जिम्मेवारी निर्वाह नगर्ने घोषणा गर्नुभएको हो ।रासस

# 'कोरोनापछिको अर्थतन्त्रलाई उकास्न योजना र रणनीति आवश्यक'

काठमाण्डु । अर्थशास्त्री तथा योजनाविद्ले कोरोना भाइरसको विश्वव्यापी महामारीले नेपालको अर्थतन्त्रलाई परिरहेको र पार्ने समग्र असरको पूर्वानुमान एवं कोरोनापछिको मुलुकको अर्थतन्त्रलाई उकास्न समयमै योजना र रणनीति तय गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको निमन्त्रणामा मंगलबार पार्टी केन्द्रीय कार्यालयमा पार्टीका पदाधिकारी, पूर्वअर्थमन्त्री एवं अर्थशास्त्रीहरुबीच भएको विशेष अन्तरक्रियामा उहाँहरुले सो धारणा व्यक्त गर्नुभएको हो । साथै लकडाउनका कारण नेपाली जनताले कष्टकर स्थिति भोगिरहेका बेला अनिवार्य राहत उपलब्ध गराउन जरुरी व्यक्ति, वर्ग र क्षेत्रलाई पर्याप्त राहत दिन राज्यले चाल्नुपर्ने कदमका विषयमा छलफल केन्द्रित रहेको काँग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बैठकमा सभापति देउवा, पार्टीका नेताहरु रामचन्द्र पौडेल, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, डा शशाङ्क कोइराला, पूर्णबहादुर खड्का, डा प्रकाशशरण महत, गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, डा रामशरण महत, ज्ञानेन्द्रबहादुर कार्की, डा मीनेन्द्र रिजाल,

विश्वप्रकाश शर्मा, उदयशम्शेर राणा र अर्थशास्त्रीहरु डा पृथ्वीराज लिगल, डा शङ्कर शर्मा, डा जगदीशचन्द्र पोखरेल, डा गोविन्द पोखरेल, डा स्वर्णिम वाग्ले, डा अच्युत वाग्ले, डा पोषराज पाण्डे, प्रभु बुढाथोकी, डा विश्व पौडेल र राजु नेपालको उपस्थिति थियो ।रासस


प्रदेश सरकार

प्रदेश नं. २

सामाजिक बिकाश मन्त्रालय

स्वास्थ्य निर्देशानलय

कलैया अस्पताल

कलैया, बारा

**कर्मचारी आवश्यक्ता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७।०१।१६

उपरोक्त सम्बन्धमा संक्रमक रोग कोरोना भाईरसको प्रभाव नियन्त्रण, रोकथाम तथा उपचारका लागि यस कलेया अस्पताललाई Dedicated Corona उपचार केन्द्र भएकोमा तपशिल बमोजिमको कर्मचारीहरु आवश्यक्ता रहेकोले ईच्छुक नेपाली नागरीकले यो सूचना प्रकाशित भएको मितिले ७ ओ दिन भित्र आफ्नो योग्यताको प्रमाणपत्र सहित आवेदन दिन हुन जानकारीका लागि सूचित गरिन्छ।

**तपशिल**

| सि.न | पद | संख्या | केफियत |
|---|---|---|---|
| १ | Consultant Physician | ४ | |
| २ | Consultant Anesthesiologist | १ | |
| ३ | Consultant MDGP | ३ | |
| ४ | Medical officer | ६ | |
| ५ | Medical lab technologist | १ | |
| ६ | Physiotherapist | १ | |
| ७ | Paramedics | ४ | |
| ८ | Staff Nurse | ५ | |
| ९ | Office assistant | ३ | |
| १० | Sweeper | ४ | |
| ११ | Security guard | ३ | |

**आवेदन दिने अन्तिम मिति** : २०७७।०१।२२

**परीक्षाको किसिम** : अन्तर्वाता

**अन्तर्वाता मिति** : २०७७।०१।२४

**सम्पर्क स्थान** : कलैया अस्पताल, प्रशासन शाखा

वरिष्ठ मेडिकल सुपरिटेन्डेट


# जहाँ छौँ त्यहीं बसौँ, धैर्य गरौँ, हतारो नगरौँ

काठमाण्डु । बन्दाबन्दी (लकडाउन) के कारण मुलुकमा कोभिड-१९ को सङ्क्रमण रोक्न सकिएको सरकारको निष्कर्ष छ । लकडाउन वैशाख १५ सम्म रहेकामा त्यही निष्कर्षके कारण २५ गतेसम्मका लागि निरन्तरता दिइएको हो ।

शुरुशुरुमा आम सर्वसाधारणबाट लकडाउन जारी राख्नु पर्नेमा शतप्रतिशत सहमति थियो । अहिले सामाजिक सञ्जालमा भने यसको मिश्रित प्रतिक्रिया आउन थालेको छ । एक जना फेसबुक प्रयोगकर्ता सुवासराज दुलालले लकड़ाउनको स्वरुप परिवर्तन गरी विदेशबाट आएकालाई निगरानीमा राखेर नाकामा व्यवस्थित परीक्षण गर्नुपर्ने सुझाव दिनुभएको छ। अर्का प्रयोगकर्ता कुलप्रसाद शर्मा अलिकति खुकुलो बनाउनुपर्ने आवश्यकता औँल्याउनुहुन्छ।

कतिपयले लकडाउन जारी राख्नुपर्ने त कतिपयले अझै कडाइ गर्नुपर्ने सुझाव प्रस्तुत गरेका छन्। खुकुलो पार्नुपर्ने वा स्वरुप परिवर्तन गर्नुपर्ने अभिव्यक्ति सामाजिक सञ्जालमा देखिन्छ। प्रतिक्रिया जे जस्तै आएपनि स्वास्थ्य मन्त्रालयका अनुसार लकडाउन आजको आवश्यकता हो।

विश्वव्यापी रुपमा कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि शुरुआती चरणमा कोभिड-१९ को सङ्क्रमण रोक्न 'लकडाउन' निर्विकल्प भन्दै विश्वव्यापी रुपमा प्रयोग गरिएको हो । नेपालमा पनि त्यही नीति अवलम्बन गरी सरकारले चैत ११ गतेबाट लकडाउनको आदेश जारी गरेको हो । दैनिक जसो झण्डै तीन हजार मानिसले लकडाउन उल्लङ्घन गरिरहेका छन्।



लकडाउन सुरक्षाको महत्वपूर्ण उपाय भएकाले त्यसको उल्लङ्घन गर्नु भनेको आफैँलाई जोखिम पार्नु हो भन्नुहुन्छ, स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा विकास देवकोटा । कोभिड-१९ को जोखिमका बेला अग्रपङ्क्तिमा उभिने नेपाल प्रहरी नै हो। आम मानिस र सवारीसाधनको आवागमनलाई लकडाउनको पालनाका लागि सक्रिय भएर खटिनु तथा आपराधिक क्रियाकलाप रोक्नु अहिलेको प्रहरीको महत्वपूर्ण जिम्मेवारी हो। यस्तो अवस्थामा कसलाई रोगको सङ्क्रमण छ भनेर प्रहरीलाई थाहा हुन्न।

त्यसैले पनि प्रहरी सम्वेदनशील भएर कार्यस्थलमा खटिएको छ । जोखिमका बीच सडकमा २४ सै घण्टा खटिएको नेपाल प्रहरीले सार्वजनिक रुपमा अपिल गर्दै भनिरहेको छ, तपाईंहरु घरमा बसिदिनुस्, हामी तपाईंको सुरक्षाका लागि सडकमा छौँ। त्यति हुँदाहुँदै पनि मानिसको लापरबाही भने जारी छ। थाहा पाउँदापाउँदै पनि उल्लङ्घन गरेपछि उनीहरुलाई केही घण्टा सडकमै राख्ने, कोभिड-१९ को बारेमा आवश्यक सचेतना दिने अनि छाड्ने गरिएको महानगरीय प्रहरी कार्यालय काठमाडौँका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल बताउनुहुन्छ।

अझै पनि जोखिम कायमै रहेको उल्लेख गर्दै पोखरेल भन्नुहुन्छ, "जहाँ छौँ, त्यहीँ बसौँ, धैर्य गरौँ, हतार नगरौँ। नेपाल प्रहरीले बेलाबेलामा माइकिङ गर्दै भन्ने गरेको छ, 'तपाईंहरु घरमै बसिदिनुहोस्, तपाईंहरुको सुरक्षाका लागि सडकमा हामी छौँ ।' प्रहरीले कोभिड १९ को रोग, सर्ने प्रक्रिया, सावधानी र घरमा बस्नुको कारणबारे पनि सडकमा आइपुगेका मानिसलाई जानकारी दिने र माइक बजाउँदै पनि जानकारी दिने गरेको छ।

थाहा हुँदाहुँदै पनि लकडाउनको ३५ दिनको अवधिमा मुलुकभर कूल एक लाख सात हजार मासिनलाई नियन्त्रणमा लिएर कारवाही गरिएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाहीले बताउनुभयो । उहाँका अनुसार कतिपयलाई केही घण्टा सडकमै उभ्याएर राख्ने गरएको छ भने कतिपयलाई सम्झाएर छाड्ने गरिएको छ । अझै उल्लङ्घन गर्ने, विना पास सवारी चलाउने, झुटा विवरण पेश गरेर सवारी चलाउने क्रम भने रोकिएको छैन।

पछिल्लो समयमा लकडाउन उल्लङ्घनको घटना अझै वृद्धि हुन थालेपछि गृह मन्त्रालयको सोमबारको परिपत्रअनुसार आजदेखि मुलुकभर नै लकडाउन कार्यान्वयनमा थप कडाइ गरिएको गृह प्रवक्ता केदारनाथ शर्मा बताउनुहुन्छ। गृहको निर्देशन प्राप्त प्रहरीले थप कडाइका साथ सुरक्षा परिचालन गरेको र पास बिनाका गाडी आवतजावतमा पूर्णतः रोक लगाएको छ । अनावश्यक रुपमा निस्किएकालाई समेत थप कडाई गरिएको प्रहरी प्रवक्ता शाही बताउनुहुन्छ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ओलीले छाड्नुपर्छ

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतान्त्रिक मूल्य र मान्यता विपरित व्यक्तिहितका लागि कानुन ल्याउने निकृष्ट कार्य गरेकाले उनलाई पदमा बसिरहनुपर्ने नैतिक अधार छैन् ।समाजवादी पार्टीलाई फुटाउने उनले अध्यादेश मार्फत ल्याएको कानुन उनको निजी स्वार्थपूर्तीको लागि थियो ।संसारमा कहिँपनि व्यक्तिहितका लागि कानुन बन्दैन् ।दुई तिहाई बहुमतको नजिक रहेको दलका नेताले आफ्नो हितका लागि मात्र कानुन बनाएर समाजवादी पार्टीलाई विभाजित गर्ने दुष्प्रयास गरेका थिए ।त्यसमा उनी पूर्णतःअसफल भएका छन् ।तर उनले सार्वजनिक रुपमा बोले अनुसार मधेशमा प्रवेश निषेध गरेकाले मधेशी दलहरुलाई फुटाएर समाप्त गरिदिने पूर्वाग्रहबाट ग्रसित छन् ।हुनत उनी गंभीर प्रकृतीको रोगबाट ग्रसित रहेकाले मानसिक रुपमा असल काम गर्ने भन्दा खराब काम गर्ने तर्फ बढि चिन्तन भएको हुन सक्छ ।तर उनका सल्लाहकार र आसेपासेहरुले उनलाई दिएको सुभत्रवपनि गलत थियो ।प्रचण्ड बहुमतको सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओलीले देशको संविधान, कानुनलाई ठाढो उल्लंघन गरिरहेका छन् ।सांसदको अपहरणमा संलग्न दोषीलाई कार्वाहीको मागगर्दै पूर्वप्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, पीडित सांसदले उजुरीदिदा समेत प्रहरीले सरकारी दवावमा दर्ता समेत गर्दैन् ।व्यक्तिगत स्वार्थका लागि कानुन बनाउने, प्रहरी प्रशासनको प्रयोगगर्ने प्रधानमन्त्री देशका लागि हितकर हुन सक्दैन् ।विपक्षी समेतले पूर्ण सहयोगदिदै आएको सरकारले आफ्नै दलका नेताहरुको समेत विश्वास लिन असफल भएका छन् ।हुनत देशको दूर्भाग्य नै हो, यहाँ बिरामी नेताहरुले शासन सञ्चालन गर्छन् ।उपचार र आरामको बेला सत्ता नछाडने नेताहरुकै कारण देशमा विकासले गति लिन सक्दैन् ।स्थिर सरकारलाई स्वयं अस्थिर बनाउने व्यक्ति प्रधानमन्त्री रहनु हुँदैन् ।दुई वर्ष सम्म हराएजस्तै भएका प्रमुख विपक्षी दल नेपाली काँग्रेस प्रधानमन्त्री केपी शर्मा ओली बिरुद्ध संघर्षमा उत्रने दलहरुलाई गोलबद्ध गरेकोछ ।प्रधानमन्त्रीको व्यक्तिवादी र तानाशाही कृयाकलापको बिरोधमा संघर्ष गर्न ओलीको प्रकोपबाट जोगिएको समाजवादी र राष्ट्रिय जनता पार्टीपनि काँग्रेससित लागेका छन् ।राष्ट्रिय प्रजातन्त्र पार्टीपनि ओली सरकारलाई हटाउने पर्ने विषयमा संघर्षको मोर्चामा सहभागि भएकोछ ।ओली बिरुद्ध नेकपामै तिव्र ध्रुविकरण भएकोछ ।उनी कति सम्म पूर्वाग्रही छन् भने, नेकपा पार्टीले बामदेव गौतमलाई राष्ट्रिय सभामा मनोनित गर्न गरेको निर्णयलाई तीन महिना बितिसक्दापनि कार्यान्वयन गरेका छनन् ।ओलीले एकपछि अर्को लगातार गरेका अपराधिक कृयाकलापलाई अब छुटदिने पक्षमा विपक्षी दलहरु स्वयं सत्तारुढ दलकै नेताहरुपनि छैनन् ।विपक्षी दलहरुको मोर्चाबन्दी र नेकपा भित्रको मोर्चाबन्दीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदमुक्तको माग गर्न थालेका छन् ।ओली स्वयंलेपनि अब पदलाई छाडेर आरामगर्दा उपयुक्त हुनेछ ।उनको निर्णयहरु लगातार विवादाष्पद र सरकारमा विश्वासपात्र मानिने मन्त्रीहरु एकपछि अर्को भ्रष्टाचारमा संलग्न रहेको आरोप लाग्न थालेकोछ ।

# गाउँ फर्केका सहरिया र परम्परागत पेसाको सम्मान



सञ्जय मित्र

अहिले विश्वको महामारीले धेरै किसिमको सन्तुलनमा परिवर्तन ल्याइदिएको देखिएको छ । सडकलाई नियाल्ने हो भने सहरबाट गाउँतिर फर्किरहेका पाइलाहरुले सडकको छातीलाई कुल्चिरहेका छन् । गाउँतिर बढिरहेका पाइलाहरुका पनि उत्साहका टुसा देखिन्छन् पलाएका । किनभने सयौं किलोमिटर भिटीकुम्लो बोकेर हिँड्दा पनि पाइलाहरु थाकेका छैनन् । गाउँमा पुग्ने हतारोमा पेटमा मुसो कुदे पनि, कण्ठ पानीतिर्खाले सुके पनि तथा चर्को घामले सेके पनि र वर्षा तथा जाडोले पिरोले पनि अचम्मको अदृश्य चुम्बकले गाउँतिर तानेको छ पाइलालाई । पैतालामा उठेका फोका र यात्रुले बोकेका पोकाहरु दुवैमा पीर भरिएका छन् तर गाउँतिर फर्केकाहरु भने वीर बनेका छन् ।

सबेले बुभ्रेका गाउँमा कुनै आकर्षण छैन । गाउँमा बस्नुपर्ने बाध्यात्मक परिस्थिति छ । जो गाउँमै जन्मे र गाउँमै हुर्के तथा विभिन्न पेसा वा बाध्यता वा रोजगारीको लागि सहरति पलायन भएका थिए, सहरले अहिले गाउँतिर तिनीहरुलाई नै फर्काइरहेको छ । सहरमा काम रोकिएको छ र काम रोकिएपछि बसिरहन सम्भव भएन । यसकारण ठूला सहरहरु उदास बनेका छन् । चहलपहल छैन । पसलहरुमा पनि भीडभाड छैन । एक किसिमले सहर ठप्प छ तर गाउँको कुनै पनि गतिविधि रोकिएको छ भने त्यो हो सहरमा जाने । हो, अहिले गाउँबाट सहरमा जाने प्रवृत्ति नै रोकिएको छ । सहरले गाउँतिर नागरिक पठाएको छ अहिले ।

सहरले किन थेग्न सकेन त ? वा के सहरले थेग्ने नसकेको हो त ? के कोरोनाको प्रकोप शान्त भएपछि मानिस फेरि सहरतिर जाँदैनन् ? यस प्रकारका अनेक प्रश्नहरुबीच के पनि अनुमानमूलक तथ्यहरु आइरहेका छन् भने कोरोनाको प्रभाव कम हुनासाथ देशमा कम्तीमा तीन लाख मानिसहरु फर्किने छन् । जो विदेशमा विभिन्न कामको सिलसिलामा गएका छन्, तिनीहरुमध्ये कम्तीमा तीन लाख बेरोजगार भई स्वदेशमा आउने छन् । अहिले नै जसरी मानिसहरु सहरमा जति धेरै संख्यामा काममा लागेका थिए, कोरोनाकालको अन्त्यपछि लगत्तै त्यत्तिका मानिस काममा फर्किहाल्न पनि सम्भव नहुने अनुमानहरु आइरहेका छन् । सहरले स्वाभाविक गति लिए पनि लकडाउनभन्दा पहिलेको लयमा फर्किन समय लाग्न सक्छ ।

समय किन लाग्न सक्छ भने देशलाई एकैचोटि सबै क्षेत्र सामान्यरुपमा खुल्ला गर्न सजिलो छैन । अत्यधिक भीडभाड हुने क्षेत्रलाई विस्तारै खोल्दै जानुपर्ने हुन्छ, जसरी कोरोनाको प्रभावबाट विस्तारै मुक्त हुँदै गएका देशहरुले गरिरहेका छन् । यसको प्रभाव करिब करिब हरेक क्षेत्रमा पर्ने देखिन्छ । अहिले निर्माण भइरहेको देशको बजेटमा पनि कोरोनाको प्रभावले केही क्षेत्रलाई प्रभावित पार्ने निश्चित छ । प्रदेशले पनि आफ्नो बजेटमा यसै किसिमको सम्बोधन गर्नुपर्ने हुन्छ । कोरोनाको प्रभाव बजेटमा पर्नु भनेको अन्य क्षेत्रमा पनि यसले आफ्नो प्रभावलाई देखाउनु हो । यसबाट यो कुरो सजिलै बुभ्र्न सकिन्छ कि कोरोनाको भौतिक प्रभाव तत्काले अन्त्य भए पनि आगामी आर्थिक वर्षमा पनि यसको असर नपरी सुख छैन ।

यसरी सहरबाट गाउँ फर्केका पूर्व गाउँले भन्न रुचाउने वा गाउँमा पसेपछि सहरिया भन्न रुचाउने वर्गले तत्काल आफूलाई सहज बनाउन सक्दैनन् । अहिले त गाउँ गाउँमा के पाइएको छ भने तासको खेलले मौलाउने मौका पाएको छ । सहरबाट गाउँ फर्केका युवाहरु चाहे विद्यार्थी होऊन् चाहे सहरिया मजदुर, काम गर्नुभन्दा बढी तास खेलमा रमाएका छन् । अलिकति हुने खाने वर्ग भने सहरबाट फर्केपछि गाउँमा एक किसिमले हरेक दिन रमाइलो गरेका छन् सानोतिनो जमघट गरेर, हरेक दिन पिकनिक पार्टी गरेर । यो वर्ग विश्वस्त छ, लकडाउन सकिएपछि फेरि सहर फर्किनु पर्छ । सहरमा फुर्सद हुँदैन ।

सहरिया जीवन निकै व्यस्त हुन्छ । कामपछि काम र फेरि कामपछि काम नै हुन्छ । मुस्किलले कुनै दिन फुर्सद निकाल्नु पर्छ । फुर्सद नै नहुने वर्गले लकडाउनमा फुर्सद पाएको छ । आफ्नो गाउँ फर्किन चाहँदा चाहँदै पनि फर्किन नपाउने वा गाउँमा दुई चार दिन बस्ने चाहना हुँदाहुँदै पनि बस्न नपाउनेहरुले गाउँमा आरामले बस्ने मोका पाएका छन् । अहिले कामको चिन्ता छैन । हरेक दिन पुराना साथीभाइ भेट्ने, बस्ने, तास खेल्ने, रमाइलो गर्ने अर्थात सानोतिनो पिकनिक मनाउने । अलिकति समस्या भने नितान्त निम्न वर्गलाई भएको छ जो सहरमा पनि सानोतिनो काम गरेर पेट पाल्दथे । गाउँमा खासै काम छैन । गाउँमा काम हुने भनेको मुख्यरुपमा खेतीपातीको काम न हो ।

समयलाई विचार गर्ने हो भने अहिले गाउँमा खेतीपातीको केही काम गर्ने समय होइन । जे जति काम गर्ने समय हो, त्यसका विषयमा सहरबाट फर्केका मजदुरहरुले कस्तो मनोविज्ञान पालेका छन् भने मलाई सहरै फर्किनु छ । अवस्था सामान्य हुँदै गएपछि सहर फर्किहाल्छु । फेरि यहाँ कसले पो खेतीपाती हेर्ने होला । यसकारण आफ्नो भनेर खेतीपाती गर्न खोजिरहेका छैनन् र गाउँमा गएर अर्काको खेतमा मजदुर बनेर काम गर्न त पहिले नै छाडेर सहर पसेका हुन् । यसरी अर्काको खेतमा काम गर्दा आफ्नो नजरमा आफू नै अलिक तल पर्ने हुन्छ जुन सहरिया मजदुर वा सहरिया बाबुहरुले चाहिरहेका छैनन् ।

गाउँबाट सहर पसेकाहरुले गाउँमा गर्ने कामभन्दा सहरमा गर्ने कामको प्रकृति नै फरक परेको देखिन्छ । सहरमा काम गर्ने मजदुरहरु चाहिँ जुन किसिमले काम गर्न अभ्यस्त भइसकेका छन्, त्यस किसिमको वातावरण गाउँको बसाइँमा पाइने निश्चित हुँदैन । यदि काम पाइहालेछन् भने पनि सहरको मनोविज्ञान र गाउँको मनोविज्ञानमा फरक पर्न सक्छ । सहरमा काम गर्नेलाई गाउँमा काम गर्न रहर हुँदैन । सहरले भन्दा बढी ज्याला गाउँले कहिल्यै पनि दिन सक्दैन र सहरमा जस्तो खोजेकै वेला गाउँले पैसा उपलब्ध गराउन पनि अलिक कठिन नै हुन्छ । सहरका काम गर्ने वातावरण आधुनिक किसिमको हुन्छ भने गाउँमा परम्परागत किसिमको हुन्छ, उही कामको तरिकामा भिन्नता हुन्छ ।

सहरबाट फर्केका पूर्व गाउँलेहरुलाई गाउँमा आफूलाई समायोजनको केही मनोवैज्ञानिक समस्या हुन्छ । यो स्वाभाविक हो । सहरमै आफ्नो थातथलो बनाइसकेकाहरुलाई त सहर फर्किनुपर्ने बाध्यता छ । यसै गरी सहरमा आफ्नो निजी व्यवसाय वा अन्य काम हुनेहरुले पनि यसै गर्छन् तर कामको खोजीमा सहर पस्नेहरुले भने गाउँमा आफ्नो परम्परागत पेसालाई निरन्तरता दिँदा राम्रो हुन्छ । गाउँबाट सहरमा पलायन भएर जाने प्रवृत्ति बढेसँगै गाउँमा खेत बाँभ्रो हुने क्रम बढेको छ । विदेश जाने वा सहर पलाएन हुने कामलाई गाउँले पनि सम्मान गरेको देखिन्छ । अबको समयमा गाउँमा काम गर्नेलाई सम्मान दिनु परेको छ । बाँभ्रो खेतलाई हरियो बनाउने बनाउनेहरु पनि सम्मानका सहभागी हुन् ।

> *गाउँ फर्केका मानिसहरुलाई सकेसम्म गाउँमै काम गर्ने वातावरण मिलाएर आफ्नो स्थानीय तहलाई बेरोजगारमुक्त बनाउनेतर्फ पनि विचार गर्नुपर्ने आवश्यकता देखिएको छ । हरेक स्थानीय तहले बेरोजगारी समस्यालाई समाधान गर्न र खाद्यान्नलगायत कृषिमा पूर्णतया आत्मनिर्भर बनाउन प्रतिबद्धता जनाई इमानदारीपूर्वक कार्य अगाडि बढाएमा कोरोनाबाट उन्मुक्तिपछिको अवस्थालाई धेरै हदसम्म सिर्जनात्मक बनाउन सकिने देखिन्छ । स्थानीय सरकारका बुद्धिजीवी सल्लाहकार तथा स्थानीय सञ्चार माध्यमले समेत हरेक स्थानीय तहलाई कृषिको सम्पूर्ण क्षेत्रमा आत्मनिर्भर बनाउन र सामान्य बेरोजगारी समस्याको समाधान गर्नेतर्फ कस्तो योजना प्रभावकारी हुन सक्छ, कसरी त्यसलाई लागू गराउन सकिन्छ र कसरी त्यसबाट सम्बन्धित स्थानीय तह र समग्रमा देशलाई नै फाइदा पुग्न सक्छ भन्ने विषयमा स्पष्ट पार्दै जानु परेको छ ।*

खेतको मुस्कानलाई पहिलेको युगजस्तो नबनाउने हो भने खाद्यान्न संकट आइपर्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । कोरोनाले बेरोजगारी बढाउने र आर्थिक क्षेत्रमा प्रभाव पार्ने भविष्यवाणी भइरहेको छ । अर्थ र रोजगारी एकापसमा गाँसिएका छन् । यसले गाउँबाट सहरमा काम गर्न गएकालाई पनि प्रभावित पार्न सक्छ । यसले गर्दा सहरले जतिलाई काम दिएको थियो, त्यत्तिलाई काम नदिन पनि सक्छ । गाउँमा आफ्नो परम्परागत पेसालाई सम्मान नगर्ने र सहरमा काम नपाउने स्थिति आयो भने भोकमरी वा खाद्यान्न संकट बढ्न सक्छ । आर्थिक गतिविधिसँग सम्बन्धित अन्य पारिवारिक वा सामाजिक समस्याहरु आउन सक्छन् । यस किसिमको कुनै समस्या आउन नदिनका लागि हरेक किसिमका श्रमिकले आफूलाई सजग बनाउनुपर्ने दायित्वबोध नगरी भएको छैन ।

हाम्रा ग्रामीण परम्परागत पेसाहरु पर्यावरणमैत्री र स्वरोजगारमूलक छन् । पर्यावरणलाई नबिगारी र सकेसम्म जैविक विधिले व्यावसायिक खेतीपाती गर्ने हो भने साँच्चै अहिलेको युगमा दुई पैसा गाउँमै बसेर पनि आर्जन गर्न सकिन्छ । तरकारी तथा फलफूल खेतीले मानिसको जीवनस्तरलाई उकासेको अवस्था छ । पशुपक्षीपालनले पनि नाम र दाम दुवै कमाउन सकिने वातावरण बनिसकेको छ । कमाइको सिधा अर्थ यदि पैसा कमाउनुसित रहेको हुन्छ भने अहिले गाउँमा बसेर पनि व्यवस्थितरुपमा काम गर्न सकिन्छ र पैसा कमाउन पनि सकिन्छ । गाउँका परम्परागत पेसाहरुलाई सहरिया ज्ञानको प्रकाशमा अर्थोपार्जनका माध्यम बनाउन सकिन्छ । अहिलेको आवश्यकता यही हो । आयआर्जनका परम्परागत पेसालाई पुनरुद्धार गरेर वा कतिपय पेसाको जीर्णोद्धार गरेर नवस्वरुप दिन सक्ने भनेका अहिलेका युवाहरुले नै हो । अहिलेका युवाहरु कृषिलाई नकारात्मक दृष्टिकोणले हेर्नु हुँदैन । कृषिलाई हेय दृष्टिले हेर्ने दृष्टिकोणमा नै परिमार्जन र परिष्कार गर्नु परेको छ । कृषिले जीवन चल्ने तथा कैयौं उद्योगहरु पनि चल्ने हुनाले जीवनमुखी वा उद्योगमुखी कृषिकर्म गर्न सकिन्छ । यसै गरी कृषिमा आधारित सानातिना उद्योग पनि सञ्चालन गर्न सकिन्छ । विभिन्न किसिमका फर्महरु सञ्चालन गर्न सकिन्छ । बजारमा जेको आवश्यकता देखिन्छ वा आफ्नो दक्षता तथा पहुँच जुन क्षेत्रमा बढी हुन सक्छ, त्यसै किसिमको परम्परागत व्यवसायमा आफूलाई अभ्यस्त बनाउन सकिन्छ । आफू रोजगार बनेर अरुलाई पनि रोजगार दिन सकिन्छ । कृषि वा कृषिजन्य उद्योग तथा व्यवसायको क्षेत्रमा काम गर्ने दक्ष तथा समर्पित युवाहरुको आवश्यकता छ । वर्तमान युवाहरुले पनि आफूलाई आफ्नो माटोमै भविष्यको खाका कोर्ने सम्भावनालाई ब्युँताउनु परेको छ । स्थानीय सरकारहरुले पनि भौतिक निर्माणलाई महत्व दिँदादिँदै पनि कृषि र कृषिजन्य उद्योग तथा व्यवसायलाई प्राथमिकतामा राखेर कम्तीमा एक वर्ष आफ्नो उत्पादनले आफूलाई पाल्ने र कतिपय विशिष्टीकृत क्षेत्र पहिचान गरी निर्यातको वातावरण बनाउनेतर्फ सोच्ने परेको छ । आउँदो बजेटमा परम्परागत पेसालाई व्यावसायीकरण र कृषिमा सम्पूर्णतः आत्मनिर्भर बनाउने नीति र कार्यक्रम ल्याउँदै युवालाई कृषिकर्मतर्फ प्रोत्साहन गर्नु आवश्यक देखिएको छ । यसै गरी सहरबाट गाउँ फर्केका मानिसहरुलाई सकेसम्म गाउँमै काम गर्ने वातावरण मिलाएर आफ्नो स्थानीय तहलाई बेरोजगारमुक्त बनाउनेतर्फ पनि विचार गर्नुपर्ने आवश्यकता देखिएको छ । हरेक स्थानीय तहले बेरोजगारी समस्यालाई समाधान गर्न र खाद्यान्नलगायत कृषिमा पूर्णतया आत्मनिर्भर बनाउन प्रतिबद्धता जनाई इमानदारीपूर्वक कार्य अगाडि बढाएमा कोरोनाबाट उन्मुक्तिपछिको अवस्थालाई धेरै हदसम्म सिर्जनात्मक बनाउन सकिने देखिन्छ । स्थानीय सरकारका बुद्धिजीवी सल्लाहकार तथा स्थानीय सञ्चार माध्यमले समेत हरेक स्थानीय तहलाई कृषिको सम्पूर्ण क्षेत्रमा आत्मनिर्भर बनाउन र सामान्य बेरोजगारी समस्याको समाधान गर्नेतर्फ कस्तो योजना प्रभावकारी हुन सक्छ, कसरी त्यसलाई लागू गराउन सकिन्छ र कसरी त्यसबाट सम्बन्धित स्थानीय तह र समग्रमा देशलाई नै फाइदा पुग्न सक्छ भन्ने विषयमा स्पष्ट पार्दै जानु परेको छ । सबैतिरबाट आवश्यकताको पहिचान तथा प्रभावपूर्ण तरिकाले आवश्यकताबोध गराउन सकिएमा स्थानीय तहले सार्थक प्रयास गरेपछि कोरोनापछिको समयमा हुने अप्ठ्यारोबाट जोगिन सजिलो हुने सम्भावनातर्फ आशावादी हुन सकिन्छ ।

# कोभिड १९ ले झुकाएको मानवता

डिसेम्बर-२०१९ मा चीनको हुवेई प्रान्तको वुहान सहरबाट उत्पत्ति भएको कोभिड-१९ को कहर हाल विश्वमै मच्चिरहेको तथ्य सर्वविदितै छ। कोभिड-१९ ले विश्वमा ताण्डव मात्रै देखाएको छैन, विश्व बजारको अर्थतन्त्र पनि ध्वस्त पार्नसक्ने कुरामा कसैको फरक मत नहोला।

कुनै खोप तथा औषधि विकास भइनसकेको परिप्रेक्ष्यमा सम्पूर्ण मानवजातिको अस्तित्वलाई नै पृथ्वीबाट सखाप पार्न सक्ने एकलौटी निरंकुश शासन गरिरहेको अदृश्य शक्ति कोभिड-१९ ले लाखौंलाख प्रभावित भइसकेका छन्। लाखौं मानिसहरु बेरोजगार बन्नुका साथै दैनिक ज्याला मजदुरी गरी आफ्नो जीविकोपार्जन गर्नेहरु समेत आफ्नो दैनिक क्रियाकलापबाट वञ्चित भएका छन्। लाखौं व्यवसायीहरु अलपत्र परेका छन्, ऋणमा चुर्लुम्म डुब्न बाध्य भएका छन्।

बलियो अर्थतन्त्र, फौलादी स्वास्थ्य सेवा प्रणाली, आधुनिक तथा भौतिक एंव आणविक हातहतियार समेत निरीह बनिरहेको अवस्थामा कोभिड-१९ ले अबको संसारमा मानिसहरुमा भएको मानवता, व्यवहार र अभ्यासलाई समेत परिवर्तन गर्न बाध्य बनाउने छ भन्ने तथ्यको कुनै विकल्प छैन।

इतिहास बोल्छ, नेपालमा जब-जब संकट आइलागेको छ, तब-तब सम्पूर्ण नेपाली एकजुट भएका छन्। एकले अर्कालाई भाइचाराको सद्भाव दर्शाएका छन्। महाप्रकोप भूकम्प-२०७२, अघोषित नाकाबन्दी, राजनीतिक आन्दोलन, अन्तर्देशीय टसन जस्ता समस्याले देशमा जसो-जसो यातायात व्यवस्था अवरुद्ध भएको छ। तसो-तसो एक नेपालीले अर्को नेपालीलाई आफ्नो निजी साधनमा लिफ्ट दिई गन्तव्य स्थलसम्म पुर्याएको इतिहास पनि हाम्रो मानसपटमा ताजा नै छ।

तर, अब उप्रान्तको समयमा बटुवा चाहे जुनै हदसम्मको समस्यामा किन नहोस्, आफ्नो मन चाहे भित्रैबाट कटक्क किन नदुखोस्, परिस्थितिले त्यस प्रकारको सहयोग गर्नुअघि आफू, आफ्नो परिवार र छरछिमेकमा पर्न सक्ने खतराबारे एक पटक सोच्न बाध्य बनाएको छ।

कति जाति हुने थियो, यदि कोभिडले नाता, सम्बन्ध, धनी, गरिब, उच-निच, राजा-रंक चिनिदिने भए। हरेक दुःख, हरेक सुख, चाडपर्व, कार्यक्रम, सभा, सम्मेलनहरुको यात्रा सपरिवार, छरछिमेक सम्पूर्ण जनताहरुसँगै एकजुट भई गरेको अस्ति मात्रै हो। तर विडम्बना आज जनता आफ्नै देशमा आउन नमिल्ने, गाउँले आफ्नै गाउँमा पस्न नमिल्ने, परिवारका एक सदस्य आफ्नै परिवार सँगै बस्न नमिल्ने बाध्यता छ।

एक अन्जान व्यक्ति अर्को व्यक्तिसँग नजिक हुँदा त्रसित हुनुपर्ने अवस्थाको सिर्जना भएको छ। अतिथि देवो भवः भन्ने विचारधारालाई आत्मसात गर्ने नेपालीहरु अहिले कहीँ कतै पाहुना लाग्न जानु भनेको एक आतंककारी सरह भएको छ। भीडभाड,



मानिसको जमात देख्दा बाटो मोड्नु परेको छ। मनमा अनौठो किसिमको स्वार्थले भरिएको डर पैदा हुने गरेको छ।

आफ्नै घरपरिवारका सदस्यहरु समेत केही समयको अन्तरालपछि भेट्न मनले नमाने पनि वास्तविकतामा भेट्न यात १४ दिनको वनबास काट्नुपर्ने या परिवारकै स्वास्थ्यलाई लिएर जोखिम मोल्नु परिरहेको छ।

मिठो, मसिनो, साग र सिस्नु खाँदै घरैमा बसी पब-जी खेल्नेहरु, टिकटक बनाई बस्नेहरु आजको परिस्थितिमा आदर्शका पात्र बनेका छन् भन्दा कुनै बिमति नहोला। आफ्नै हातले आफ्नै आँखा, मुख, कान छुन खोज्दा हातमा काँडा उम्रिएभैं बिभाउला भन्ने डर बसेको छ। हातहरु निकम्मा, अछुतो, शुद्ध र पवित्र बनाइएका छन्।

साबुन र स्यानिटाइजरको बारम्बार प्रयोगले आफ्नै अनुहार हेर्न मिल्ने गरी हातहरुलाई ऐना सरी टिलिक्क टल्काइएको छ। सुःख, दुःखमा सहानुभुतिको लागि निस्किने शब्दहरु आज कतै ज्वरो आएको त छैन? रुघाखोकी लागेको त छैन? भन्ने स्वार्थ मिश्रित सोधाइमा परिणत भएका छन्।

सामान्यतया छिँक्नु, खोक्नु वा मास्क लगाउनु त मानौं कुनै ठूला सभा-सम्मेलनलाई एक क्षणमै तितरबितर पार्न सक्ने शक्तिशाली आणविक हतियार बनेको छ।

फलानो भनी सम्भिँदा पनि मन्द मुस्कान सहितको चट्ट मिलेको अनुहारको आकार अगाडि आउने मानसपटमा आजभोलि मास्क सहितको तस्बिर अगाडि आउन थालेको छ।

मास्क स्वयंले आफू मानव सभ्यता र रक्षाको परिचय भल्काउने मानव शरीरको एक अभिन्न अंग हुनुको दावा गरिरहेको छ। मानिसहरु चाहेर पनि आफूखुसी बाँच्न, कसैको सहयोग गर्न, बाहिर हिँडडुल गर्न नमिल्ने अवस्थाको सिर्जना भएको छ।

कुनै पनि नकारात्मक अवस्थाबाट सजग त रहनैपर्ने कुरा हो तर लसुनको सेवन गर्नाले, तातो पानी वा अल्कोहल सेवन गर्नाले, तातो पानीमा नुहाउनाले, घाममा वा उच्च तापक्रममा बस्नाले, गर्मी मौसम आउनाले, श्वासप्रश्वास रोक्न सक्नाले यस कोभिड-१९ रोगबाट बच्न सकिने तथा यो रोगको सिकार मात्र वृद्ध र बालबालिका हुने जस्ता मनगढन्ते कुराहरुले पनि दैनिक जीवनयापनमा स्थान पाउन थालेका छन्। "ज्वरो छ, रुघा खोकी छ, भनौं कोठाबाट निकालिने डर, नभनौं आफ्नै ज्यान खतरामा जस्ता बाध्यात्मक र प्रतिकूल परिस्थिति समेत निम्तिएको छ।

कोभिड-१९ को परिवेशमा सामान्य भन्ने शब्दलाई परिभाषित गर्न कठिन छ। अबको सामान्य अवस्था, सामान्य जनजीवन कस्तो हुनेछ भन्ने विषय आफैंमा गम्भीर छ।

'कहिलेलाई' र 'कस्तोलाई' कोभिड-१९ उप्रान्त सामान्य अवस्था भनेर बुझ्ने?

स्वास्थ्य र शिक्षा सेवाको प्रवाह अवस्था सापेक्ष परिवर्तन हुन थालेका छन्। सम्पूर्ण किसिमका सेवासुविधाहरु डिजिटलाइज्ड हुन थालेका छन्।



रञ्जन साह

सार्वजनिक यात्रु, यात्रा र साधनको विकल्प के हुने? बढी भीडभाड हुने कार्यलयहरुमा काम र कर्मचारीको व्यवस्थापन कसरी हुने? राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई तथा स्थल मार्गबाट हुने आवगमनको व्यवस्थापन कसरी हुने? जस्ता अत्यन्तै सान्दर्भिक प्रश्नहरुले समाजलाई कोभिड-१९ को थप क्षति र त्रासबाट जोगाउनमा सार्थक भूमिका निर्वाह गर्नेछन्।

तर, परिस्थिति जतिसुकै विषम किन नहोस्, संकटको यस घडीमा सामाजिक दूरी कायम गरिनेछ, पिपिईको प्रयोग गरिनेछ, बारम्बार हात धोइनेछ, सीमित र अत्यावश्यक आवागमन मात्र गरिनेछ, सेल्फ आइसोलेसन तथा होम क्वारेन्टाइनलाई नै हालको लागि औषधि र खोप बनाई कोभिड-१९ लाई पराजित गरिनेछ।सौजन्य :

*स्वास्थ्य खबर*

# राष्ट्रपति भण्डारी र चिनियाँ राष्ट्रपति सीबीच टेलिफोन संवाद

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी र उहाँका चिनियाँसमकक्षीसीचिनफिङबीच हाल विद्यमान विश्वव्यापी महामारी कोभिड -१९ विरुद्धको लडाइँबारे विचार आदानप्रदान भएको छ।

उहाँहरूबीच मंगलबार साँझ भएको टेलिफोन संवादमा विश्वले अनुभव गरेको यसको प्रभाव र दुवै देशका सकारहरूले यसविरुद्ध चालेका उपायहरूबारे पनि छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सो अवसरमा राष्ट्रपति भण्डारीले चीनले कोभिड १९रोकथाम र नियन्त्रणका लागि चालेका सुदृढ कदम र विश्वका अन्य देशलाई यसविरुद्धको लडाइँमा गरेको सहयोगको प्रशंसा गर्नुभयो। उहाँले चिनियाँ सरकार र जनताले नेपाललाई स्वास्थ सामग्री उपलब्ध गराएकामा पनि सराहना गर्नुभयो। प्रत्युत्तरमा राष्ट्रपति सीले नेपालले कोरोना भाइरस फैलन नदिन गरेको शीघ्र र साहसी कार्यको प्रशंसा गर्दै यस सम्बन्धमा नेपाललाई सहयोग गरिने विश्वास दिलाउनुभयो।

चिनियाँ राष्ट्रपतिले प्रधानमन्त्री केपी शर्मा ओलीमिर्गौलाप्रत्यारोपणपछिपुनः आफ्नो काममा फर्कनुभएकामा खुशी व्यक्त गर्दै उहाँको सुस्वास्थ्य र सुखको पनि कामना गर्नुभएको मन्त्रालयको प्रेस विज्ञप्तिमा जनाइएको छ।

चिनियाँ राष्ट्रपतिले राष्ट्रपति भण्डारीलाई टेलिफोन संवादका लागिधन्यवाद दिँदै कोरोना भाइरस महामारीका समय र कोरोनाबाट निधनभएकाहरूको श्रद्धाञ्जलिका लागिआयोजित राष्ट्रिय शोकसभामा चिनियाँ सरकार र जनताप्रति व्यक्तगरेको ऐक्यबद्धता र समर्थनका लागि सराहना गर्नुभयो।

दुवै राष्ट्रपतिले दुई देशबीच विद्यमान उत्कृष्ट द्विपक्षीय सम्बन्धप्रति सन्तोष व्यक्त गर्दै यसलाई आगामी दिनमा दुई देशका उच्चस्तरीय भ्रमणहरूमा गरिएका समझदारी र हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जालसँग सम्बन्धित परियोजनाहरूको कार्यान्वयनका माध्यमबाट अझ सुदृढ गर्ने सहमति पनि भएको छ।

दुवै राष्ट्रपति अवस्था सामान्य भएपछि ती आयोजनाहरूको शीघ्र कार्यान्वयन गर्ने विषयमा सहमत पनि हुनुभएको छ। टेलिफोन संवादमा चिनियाँ राष्ट्रपति सीको गत वर्ष अक्टोबरमा नेपालमा भएको सुखद् भ्रमणको पनि स्मरण गरिएको थियो।रासस

# नेता सिटौलाका छोराको विवाह भोजको रकम स्थानीय तहलाई

सुरुङ्गा। नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाले आफ्ना छोरा श्यामको विवाहमा गरिने भोजको रकम स्थानीय तहलाई प्रदान गर्नुभएको छ। नेता सिटौलाले सोमबार भद्रपाको बाह्रदशी, कचनकवल र हल्दिवारी गाउँपालिकासहित भद्रपुर तथा विर्तामोड नगरपालिकालाई रु पाँच लाख प्रदान गर्नुभएको हो।

आइतबार सिटौलाले आफ्ना छोरा श्यामको विवाह विर्तामोड निवासी ओमकृष्ण विमलीकी जेठी छोरी मनिषासँग दिवालग्नमा गराउनुभएको थियो।

नेता सिटौला लकडाउनको पालना गर्दै बेहुला श्याम, आफ्ना दुई अङ्गरक्षक र अन्य तीन गरी सात जना मात्र जन्ती लिएर बेहुलीको घर पुग्नुभएको थियो। उता बेहुली पक्षका पनि १५ जना मात्र थिए। बेहुली पक्षले घरमा बेहुला र जन्तीलाई स्वागत गर्न १५ जनालाई मात्र उपस्थिति गराएको थियो। विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि अपनाएको सुरक्षा अवलम्बन गर्दै नेता सिटौलाले आफ्ना छोराको विवाह सम्पन्न गरेपछि आफ्नो निर्वाचन क्षेत्रमा रहेका विपन्न, असहाय तथा मजदुर वर्गलाई राहत पुऱ्याउने उद्देश्यले पाँच वटा पालिकालाई रु पाँच लाख सहयोग गर्नुभएको हो।

छोराबुहारीको इच्छानुसार नेता सिटौलाले विवाहभोजमा गरिने खर्च स्थानीय तहलाई हस्तान्तरण गर्नुभएको काँग्रेस नेता नवीन विमलीले जानकारी दिनुभयो। रासस

# 'प्रदेशका सबै जिल्लामा विकास निर्माण'



हेटौँडा। वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुँयालले प्रदेशका १३ वटै जिल्लामा प्रदेश सरकारअन्तर्गत विकास निर्माणका काम धमाधम सञ्चालन भइरहेको बताउनुभएको छ। त्रिभुवन राजपथको वैकल्पिक मार्गको रूपमा प्रदेश सरकारले निर्माण गर्दै गरेको सडक खण्डको अनुगमनका क्रममा राससससँग कुरा गर्दै मन्त्री फुँयालले मन्त्रालयले लकडाउनलाई अवरोधरहित विकास निर्माणका अवसरका रूपमा प्रयोग गरिरहेको बताउनुभयो।

लकडाउनका कारण युद्धस्तरमा काम गर्न नपाए पनि सामाजिक दूरी कायम गर्दै कामलाई निरन्तरता दिइएको मन्त्री फुँयालको भनाइ छ। वर्षायाम शुरु भएसँगै बाढी आउन सक्ने र धेरै काम भइसकेका योजनामा क्षति पुग्न सक्ने भएकाले सडक, ड्याम, पुल, पुलेसालगायत आयोजनाको निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइने उहाँले बताउनुभयो।

निर्माणाधीन आयोजनाको प्राविधिकसहित टोलीलेनिरन्तरअनुगमनर निरीक्षण भइरहेको बताउँदै मन्त्री फुँयालले आफूसमेत बरम्बार अनुगमनमा निस्कने गरेको उल्लेख गर्नुभयो। कतिपय आयोजनाको निरीक्षण र अनुगमनमामुख्यमन्त्रीसमेतजानुभएको उहाँले जानकारी दिनुभयो।

उहाँले लकडाउनका कारण बाहिरबाट आएका अधिकांश श्रमिक घर गएको भए पनि स्थानीय श्रमिकले अवसर पाएको बताउनुभयो। सो अवसरमा मन्त्रालयका यातायात पूर्वाधार निर्देशनालयका प्रमुख सहदेव भण्डारीले लकडाउनले विकास निर्माणका काममा समस्या पारे पनि आयोजनाको कामलाई निरन्तरता दिइएको बताउनुभयो। सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर आवश्यक सामग्रीको आपूर्ति गर्नुका साथै अन्य जटिलता चिरेर काम भइरहेको उहाँले जानकारी दिनुभयो। त्यस्तै पूर्वाधार विकास कार्यालय चितवनका प्रमुख पुष्कर पोखरेलले हेटौँडाको राप्ती तटमा निर्माणधीन सडक तथा ड्यामको 'लञ्चिङ' को काम बर्खाअघि कुनै पनि हालतमा सक्नुपर्ने भएकाले काम सञ्चालन गरिएको बताउनुभयो।

यसैबीच वाग्मती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुङ्गेलले सरकार तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई कमजोर बनाउन प्रतिपक्षसँगै पार्टीकै जिम्मेवार नेताहरू लागेको आरोप लगाउनुभएको छ।

मंगलबार नेकपाका केन्द्रीय सदस्यसमेत रहनुभएका मन्त्री ढुङ्गेलले कसैले चाहँदैमा प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा नआउने बताउनुभयो।

"देशमा स्थिरता नचाहने केही व्यक्ति तथा समूहले के-के गर्दा सरकारलाई कमजोर बनाउन सकिन्छ, के-के गर्दा प्रधानमन्त्रीको कद होचो देखाउन सकिन्छ, त्यहीँ-त्यही गरिरहेका छन् तर सम्पूर्ण नेपाली जनताको आशा र भरोसाका केन्द्र ओलीको कद झन्-झन् उच्च हुँदैछ", उहाँले भन्नुभयो।

मन्त्री ढुङ्गेलले यो सरकारको पालामा जस्तो विकास कसैको पालामा पनि नभएको भन्दै भए देखाउन चुनौती दिनुभयो।

नेकपा युवा नेताहरूलाई अपहरणकारीको आरोप लगाएको प्रति असन्तुष्टि जनाउँदै मन्त्री ढुङ्गेलले पूर्वमन्त्री डा सुरेन्द्र यादवलाई अपहरण गरिएको भनेर राजनीतिक मसला बनाउन खोजिएको बताउनुभयो।

मन्त्री ढुङ्गेलले वर्तमान समय आग्रह र पूर्वाग्रहबाट माथि उठेर सबै दल र नेतृत्व तथा आम नेपाली कोरोना भाइरसविरुद्धको अभियानमा एकताबद्ध भएर लाग्नुपर्ने धारणा राख्नुभयो।रासस

# कोभिड-१९ सँग जुध्दै टोलटोलमा नेकपा

मेलम्ची। महामारी कोरोना भाइरसले त्राहिमाम बनाइरहेका बेला सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले भाइरसविरुद्ध जुध्न पार्टी कमिटी परिचालन गरेको छ। सिन्धुपाल्चोकमा नेकपाले लकडाउनको शुरुआतमै जिल्ला कमिटीको बैठक गरेर नेता/कार्यकर्तालाई परिचालन गर्ने निर्णय गरेको थियो। केन्द्रीय सदस्य तथा जिल्ला पार्टी सचिव दावा तामाङले सबै कमिटीलाई कामसहित परिचालित हुन निर्देशन गरिसकेका छन्। जिल्ला पार्टी अध्यक्ष झम्क नेपालले कोरोनाविरुद्ध जुध्न सबै तहका पार्टी सङ्गठनलाई परिचालन गरेको बताउनुभयो।

जिल्लाभर त्रियाशील नेकपा सङ्गठनले जनचेतना जगाउने र फिल्डमै पुगेर सर्वसाधारणलाई सहयोग गर्ने काम गरिरहेको छ। त्रिपुरासुन्दरी गाउँपालिकामा नेकपाले स्वास्थ्य परीक्षण र औषधि वितरणलाई तीव्रता दिएको पार्टी अध्यक्ष राजु खाती सहदेवले जानकारी दिनुभयो। उहाँका अनुसार सहइन्चार्ज अनन्तप्रकाश श्रेष्ठसहितको टोलीले थर्मलगनको सहायताले सर्वसाधारणको स्वास्थ्य परीक्षण गर्ने र सामान्य बिरामीलाई आवश्यक औषधि वितरण गरिरहेको छ। पार्टी कमिटीका नेताहरू गेहेन्द्र गुरुङ, सुरेश थामी, नीरबहादुर श्रेष्ठ, बलबहादुर थामी, हरेराम तिमल्सिना, शरण गुरुङ, गाङदेउ थामी, बाबुराम थामी र माधव पौडेललगायत दिनरात खटेर स्वास्थ्य परीक्षण काममा लागेका छन्।

त्यसैगरी सुनकोशीगाउँपालिकामा नेकपाले काठमाण्डुमा अड्किएर अलपत्र परेका करिब ५०० सर्वसाधारणलाई गाउँ ल्याइपुऱ्याएको छ। सुनकोशीका अध्यक्ष प्रेमलाल लामाका अनुसार गाउँपालिकाभर नेकपा कार्यकर्ता परिचालन भएका छन्। "गाउँपालिकामा रहेका विपन्न किसान, मजदुर, दलित र असहायलाई कसरी सहायता गर्ने भन्ने विषयमा कमिटीले अध्ययन गरिरहेको छ", लामाले भन्नुभयो, "पार्टीको माथिल्लो कमिटी र सरकारसँग पर्याप्त छलफल गरेर कामलाई अझ प्रभावकारी बनाइने छ।" भाइरसविरोधी लडाइँमा पार्टी कमिटीका अर्का नेता टपिन्द्रप्रसाद तिमल्सिनाले आर्थिक र भौतिक सहयोग गरेकोप्रति सर्वसाधारणले मुक्तकण्ठले प्रशंसा गरेका छन्।

यता छिमेकी मुलुक चीनसँग सिमाना जोडिएको गाउँपालिका भोटेकोशीमा नेकपाले प्रत्येक टोलमा कार्यकर्तापरिचालनगरेर जनजीवनको अवस्था सङ्कलन गरिरहेको छ।

"हामीले कोरोना भाइरससँग लड्न सरकारले जारी गरेको लकडाउनलाई पूर्णपालना गर्ने विषय र त्यसबाट उत्पन्न परिस्थितिलाई कसरी पार लगाउने भन्नेबारे गाउँपालिकासँग समन्वय गरेर काम गरिरहेका छौँ", नेकपा भोटेकोशीका अध्यक्ष आङछिरी शेर्पाले भन्नुभयो। रासस

# प्रदेश नं ५ मा सशस्त्रको उच्च निगरानी

भैरहवा। बन्दाबन्दीपछि नेपाल भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले उच्च निगरानी बढाएको छ। सरकारले सीमाक्षेत्रमा मानिसको आवतजावत पूर्णरूपमा प्रतिबन्ध गर्ने निर्देशनपछि सशस्त्र प्रहरी बलले निगरानी बढाएको हो।

भारतीय सीमा क्षेत्रसँग जोडिएको प्रदेश नं ५ का जिल्लामा पनि सशस्त्र प्रहरी बल परिचालन भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ।

यस प्रदेशमा करीब ७ हजार सशस्त्र प्रहरी बल परिचालन भएको बताउँदै सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रवीणकुमार श्रेष्ठले सीमा क्षेत्रमा करीब ३५० जाँचचौकी स्थापना गरिएको जानकारी दिनुभयो।

"प्रदेश ५ मा प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयमा सशस्त्र प्रहरी बल बन्दाबन्दीलाई पूर्ण रूपमा कार्यान्वयनमा खटिएको छ", प्रवक्ता श्रेष्ठले भन्नुभयो। सीमाक्षेत्रमा अस्थायी चौकी निर्माण गरी बलले सुरक्षा दिनाका साथै नियमित मोटर पेट्रोलिङसमेत गरिरहेको छ।

कोभिड-१९ को लडाइँमा सशस्त्र प्रहरीले सीमा क्षेत्रदेखि गाउँगाउँसम्म पुगेर जनतालाई सचेतना दिलाउँदै सरकारले दिएको निर्देशन पूर्णरूपमा कार्यान्वयन गरेको प्रदेश नम्बर ५ सीमा क्षेत्रमा रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३८ गुल्म सूचना शाखाले जनाएको छ।

प्रदेशका १२ जिल्लामध्ये ६ जिल्ला भारतीय सीमासँग जोडिएकाले यस क्षेत्रमा मानिसको आवतजावत पूर्णरूपमा रोक्ने काम पनि सशस्त्र प्रहरीले गरिरहेको ३८ गुल्मले जनाएको छ। खुला सीमाका कारण चोरी, तस्करी तथा सीमा अपराधले बढावा पाएको नेपाल भारत सीम क्षेत्रमा अहिले व्यापक रूपमा बल परिचालन भएपछि नियन्त्रण भएको छ।

सीमाक्षेत्रमा हाल खटिएका सशस्त्र प्रहरी बललाई निरन्तरता दिनुपर्ने स्थानीवासीको माग छ। उनीहरूलाई प्राविधिक रूपमा समेत सक्षम बनाएर सधैँका लागि सीमामा खटाउनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

रुपन्देही सीमाक्षेत्रका बासिन्दा रमेश थापा अब सशस्त्र प्रहरीलाई अहिले जस्तै व्यवस्था गरी सीमा क्षेत्रमा खटाइनुपर्ने सुझाव दिनुहुन्छ।

**सीमामा स्वचालित सेनेटाइज टनेल**

नेपालको दोस्रो ठूलो भन्सार नाका बेलहियामा स्वचालित सेनेटाइज टनेल मेसिन जडान गरिएको छ। करीब रु दुई लाखको लागतमा भैरहवा क्षेत्रमा रहेका लायन्स क्लबको लगानीमा स्वचालित सेनेटाइज टनेल मेसिन जडान गरिएको जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जनाएको छ।

भन्सारमा आउने भारतीय कन्टेनर चालक, सहचालक र भारतीय क्वारेन्टाइनमा बसेर नेपाल प्रवेश गर्ने मानिसलाई ध्यानमा राखी सेनेटाइज टनेल मेसिन जडान गरिएको आयोजक संस्था क्लबका विनोद खरेलले जानकारी दिनुभयो।

सीमा क्षेत्रमा सेनेटाइज टनेल मेसिन जडान गरिएपछि नेपाल भारतमा हुने सुरक्षाकर्मीको आवतजावतलाई सुरक्षित बनाउने र भन्सार क्षेत्रमा दैनिक काम गरिरहेका कर्मचारी तथा स्थानीयवासीलाई सहयोग पुग्ने सशस्त्र प्रहरी बल राजस्व भन्सार नम्बर ३८ गुल्म रुपन्देहीका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक मानबहादुर शाहीले जानकारी दिनुभयो।

कोरोना भाइरसको उच्च जोखिममा रहेको सीमा क्षेत्रमा अहिले सेनेटाइज टनेल मेसिन जडान भएपछि आसपासमा बसोबास गर्ने मानिसले समेत खुशी व्यक्त गरेका छन्।रासस

# संसद् अधिवेशन : आह्वानमा ढिलाइ, सहकार्य जरुरी

काठमाण्डु। कोभिड-१९ बाट सिर्जित अवस्था र नेकपाभित्र आन्तरिक बिवादले सङ्घीय ससद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)को छैटौँ अधिवेशन आह्वान पर धकेलिएको छ। नेपाल सरकारका अर्थमन्त्रीले हरेक आर्थिक वर्षका लागि राजश्व र व्ययको अनुमान (बजेट) प्रत्येक वर्ष जेठ महिनाको १५ गते सङ्घीय संसद्मा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ।



नेकपा संसदीय दलका मुख्य सचेतक देवप्रसाद गुरुङले बजेटसम्बन्धी संवैधानिक व्यवस्था र प्रि-बजेट छलफलको तालिकाअनुसार अधिवेशन आह्वान गर्ने समय भइसकेको जानकारी दिनुभयो। बजेट प्रस्तुत गर्नु १५ दिनअघि प्रि-बजेट छलफलका लागि संसद्को बैठक बस्नुपर्ने कानूनी व्यवस्था छ। बजेटअघि नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ।

उहाँ भन्नुहुन्छ, "अहिले विपद्को समय छ। अधिवेशन आह्वान सरकारको परामर्शमा हुन्छ। प्राप्त समयको व्यवस्थापन गरेर काम गर्नुपर्छ। अधिवेशन बोलाउने समय भने भइसक्यो।" नेपालको संविधानले सरकारको सिफारिसमा राष्ट्रपतिलाई सङ्घीय संसद्को अधिवेशन आह्वान र अन्त्य गर्ने अधिकार प्रदान गरेको छ।

बर्खे अधिवेशनलाई बजेट अधिवेशन भनिन्छ। राष्ट्रपतिबाट यस अधिवेशनमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसका सचेतक पुष्पा भुषालले कोरोनाले मुलुकको अर्थतन्त्रमा ल्याएको चुनौती र अर्थतन्त्रका अबका प्राथमिकताजस्ता महत्वपूर्ण विषयमा गहन छलफल गर्नुपर्ने भएकाले अधिवेशन आह्वान गर्न अब ढिलाइ गर्न नहुने सुझाव दिनुभयो।

सभामुखको अध्यक्षतामा बस्ने कार्यव्यवस्था परामर्श समितिले प्रि-बजेटलगायत विषयमा सदनमा छलफलका लागि समय र कार्यसूची निर्धारण गर्ने गर्छ। उहाँ भन्नुहुन्छ, "अधिवेशनका विषयमा सभामुखसँग छलफल भएको छैन। अब बोलाउन सक्रियता देखाउनुपर्छ।

कोरोनाले कमजोर बनाएको अर्थतन्त्रलाई सुदृढ तुल्याउने, रोजगारीका योजना, कृषि विकासलाई लक्ष्य गरेर नीति तथा कार्यक्रम र बजेट बनाउनुपर्ने देखिन्छ।" जनताका प्रतिनिधिले सावभौमसत्ताको पूर्ण अभ्यास गर्ने सङ्घीय संसद् प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनात्मक छ।

राष्ट्रिय जनता पार्टीका मुख्य सचेतक लक्ष्मणलाल कर्णले जनताको आवाजको प्रतिनिधित्व सदनमा हुने र संसद् नभई बजेट पारित नहुने भएकाले सामाजिक दूरी कायम हुने सिटको व्यवस्थापनसहित यो महिनाभित्र संसद्को बैठक बोलाउन सरकार र संसद् सचिवालयको ध्यानाकर्षण गराउनुभयो। संसद्को प्रमुख कार्य कानून निर्माण, सरकार गठन, सरकारको नीति तथा कार्यक्रममाथि छलफल र अनुमोदन, संविधान संशोधन र जनमत सङ्ग्रहसम्बन्धी निर्णय हो।

उहाँ भन्नुहुन्छ, "संसद्को अधिवेशनका विषयमा अहिलेसम्म कहीँ कसैले सल्लाह र सुझाव मागेको छैन। कोरोनाको जोखिमलाई ध्यानमा राखेर छलफललाई छोट्याउने र नवीनतम प्रविधिको प्रयोग गर्नेतिर ध्यान पुऱ्याउनुपर्छ। सङ्कटका बेलामा राजनीतिक दल एक भएर काम गर्नुपर्नेमा अहिले उल्टो काम भएको छ।"

बजेटमाथि छलफल र अनुमोदन,सरकारका नियमितकाम कारवाहीको निगरानी, सरकारलाई आवश्यक निर्देशन र सुझाव, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुमोदन पनि सङ्घीय संसद्का अरु जिम्मेवारी हुन्।

कूल ३३४ सदस्यीय सङ्घीय संसद्मा ११२ महिला सदस्यको प्रतिनिधित्व छ। तल्लो सदन प्रतिनिधिसभा २७५ सदस्यीय छ भने माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्य छन्। रासस


प्रदेश सरकार

प्रदेश नं. २

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## घरेलु तथा साना उद्योग कार्यालय सिरहा

## लहान, सिरहा

## खाद्यान्न सामग्रीहरु आपुर्ति सम्वन्धि बोलपत्र आव्हानको सूचना

**ठेक्का नं. १/२०७६/०७७**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०७७/१/१७ गते)

प्रस्तुत बिषयमा प्रदेश सरकार प्रदेश नं २ बाट जारी भएको "कोरोना भाइरस संक्रमण (कोभीड १९) प्रभावित मजदुर, श्रमिक, गरीव तथा आर्थिक रुपमा बिपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका (पहिलो संसोधन समेत), २०७६ बमोजिम बिशेष परिस्थिति अन्तर्गत तपसिल अनुसारको सामानहरु खरिद गर्नुपर्ने भएकोले यस सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही इजाजत प्राप्त इच्छुक फर्म, संस्था, कम्पनी, सरकारी सार्वजनिक संस्थानहरुबाट सप्लाई गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम प्रति प्याकेट के कति दररेटमा (५००० देखि १०००० प्याकेट सम्म सम्पूर्ण कर सहित जिल्ला भित्रका पालिका अन्तर्गतका वडा सम्मको (ढुवानी खर्च / प्याकिंग / थैली / झोलाको खर्च समेत) सप्लाई गर्ने हो सो को सिलबन्दी बोलपत्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ५ दिन भित्र पेश गर्न सार्वजनिक रुपमा राष्ट्रियस्तरमा आव्हान गरिएको छ।

तपसिल :

**सप्लाई गर्नुपर्ने सामान सम्बन्धी विवरण :-**

**प्रत्येक प्याकेटमा समावेश हुने सामानहरुको बिबरण :**

| सि.नं. | सामानको नाम | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | चामल (सोना मनसुली) | किलोग्राम | २५ | |
| २ | दाल (मसुरो) | किलोग्राम | २ | सि.नं. २ देखि ६ सम्मको सामान एउटै थैलामा प्याक गर्ने गरी |
| ३ | खाने तेल (तोरी/सरसो) | लिटर | १ | |
| ४ | नुन | किलोग्राम | १ | |
| ५ | सोयाबिन | ग्राम | ५०० | |
| ६ | हात धुने साबुन (७५ ग्राम) | थान | १ थान | |

**शर्तहरू**

१. चालु आ.व. सम्म नवीकरण समेत रहेको कम्पनी / फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ताको प्रतिलिपि पेश गरी दरभाउ फारम कागजातको दस्तुर रु. ३०००/- (अक्षरेपी रु. तिन हजार) (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद संलगन गरी बोलपत्र सम्बन्धी कागजात कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले पाँचौ दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। प्रोप्राईटर स्वयम् उपस्थित हुन नसकेमा निजको अधिकारीक मन्जुरिनामा पत्र समेत पेश गर्नुपर्ने छ।

२) रितपूर्वक भरिएको सिलबन्दी बोलपत्र दोस्रो पटक सूचना प्रकाशित मितिले ६ (छैठौ) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ। साथै सोहि दिन दिनको २:०० बजे यस कार्यालयमा जिल्ला प्रशासन कार्यालय सिरहा/इलाका प्रशासन कार्यालय लहान र को.ले.नि.का. सिरहाको प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) बोलपत्र साथ रु ५,००,०००/- ( अक्षरेपी पाँच लाख ) जमानत रकममा नघटाइ उक्त रकम को.ले.नि.का. सिरहाको नाममा रहेको रा.बा.बैक सिरहा शाखामा रहेको धरौटी खाता न. २१३०५०२०००००० (कार्यालय कोड नं. ३०७०३१६०१२) मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको १२० दिनको म्याद अविध भएको यस कार्यालयको नाममा जारी भएको नेपाल सरकारवाट इजाजत प्राप्त "क" वर्गको बाणिज्य बैकको बैक जमानत (बैक ग्यारेन्टी) पेश गर्नु पर्ने छ।

४) बोलपत्र सम्बन्धि अन्य बाँकी शर्तहरु प्रथम पटक प्रकासित सूचना बमोजिम लागु हुने छ।

५) बोलपत्र सम्बन्धि अन्य जानकारी कार्यालयको सम्पर्क नं ०३३-५६०१२८ र मोवाइल न. ९८५२८६०१२८ मा सम्पर्क गर्नु हुन् तथा कार्यालयको वेबसाइट siraha.csiop2.gov.np मा हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

कार्यालय प्रमुख

जनकपुर टुडे
२०७७ साल वैशाख १७ गते बुधवार (29 April, Wednesday, 2020)

# लकडाउनकै बीच बंगलादेशमा गार्मेन्ट कारखानामा काम शुरु

एएफपी

ढाका । कोरोनाभाइरसका कारण देशव्यापी लकडाउन गरिए पनि बंगलादेशमा तयारी पोशाक (गार्मेन्ट) उद्योगका हजारौं मजदूर काममा फर्किएका छन् ।

बंगलादेशमा कोरोनाभाइरसको संत्रमण बढ्दै गए पनि मजदूरहरु काममा फर्किएका कारण थप चिन्ता उत्पन्न भएको छ । राजधानी ढाका र चटगाउँका कारखानाहरु खोल्न सरकारले अनुमति दिएसँगै सोमबारदेखि कारखानामा काम हुन थालेको हो ।



बंगलादेशमा गत मार्चको अन्त्यदेखि गार्मेन्ट कारखानाहरु बन्द भएका थिए तर निर्यातको बाँकी अर्डर पूरा गर्न कारखाना खोल्नुपर्ने माग सर्वत्र गरिएको थियो । बंगलादेशमा कोरानाभाइरसको संक्रमण बढेसँगै आगामी मे महिनाको ५ तारिखसम्म लकडाउन घोषणा गरिएको छ ।

सोमबारसम्ममा ढाका र अन्यत्रका कम्तीमा एक हजार कारखाना खोल्ने योजना थियो । साथै तटीय बन्दरगाह शहर चटगाउँका कारखाना पनि खोलिने छन् । बंगलादेशको कूल निर्यातको करिब ८० प्रतिशत हिस्सा तयारी पोशाकले ओगटेको छ । तर कोरोनाभाइरसका कारण तयारी पोशाकको माग घटेको वा रद्द गरिएका कारण बंगलादेशले यस आर्थिक वर्ष करिब ६ अर्ब डलरको नोक्सानी व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको छ । गार्मेन्ट कारखानाका मजदूर मोफज्जल होसेनले कारखानामा तत्काल फर्कन आफू बाध्य भएको बताउनुभयो । उहाँ मासिक करिब ११५ अमेरिकी डलर कमाउनुहुन्छ । सोमबारसम्ममा बंगलादेशमा ५ हजार ९०० जनामा कोरानाको संत्रमण देखिएको छ भने १५२ जनाको मृत्यु भइसकेको छ ।

श्रम अधिकारवादीहरुले मजदूरहरुका कारण कोविड-१९ को महामारी बंगलादेशमा अरु फैलन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । बंगलादेशका गार्मेन्ट कारखानामा ४० लाखभन्दा बढीले काम गर्दछन् ।

बंगलादेशबाट विश्वका चर्चित एचएन्डएम, इन्डिटेक्स र वाल्मार्ट जस्ता कम्पनीहरुका लागि गत वर्ष ३५ अर्ब डलरभन्दा बढीको तयारी पोशाक निर्यात भएको थियो ।

बंगलादेश तयारी पोशाक उत्पादक तथा निर्यात संघका उपाध्यक्ष मोहम्मद हातिमले कोरोनाभाइरसलाई जीवनको एक हिस्साका रुपमा स्वीकार्नुको विकल्प छैन भन्दै कारखाना तत्काल नखोलिए बंगलादेशमा आर्थिक संकट आउने बताउनुभयो ।

गत महिना, सरकारले निर्यातमुखी क्षेत्रका मजदूरको तलब भुक्तानीका लागि ५८ करोड ८० लाख अमेरिकी डलर बराबरको राहत प्याकेज घोषणा गरेको थियो, तर गार्मेन्ट उद्योगीहरुले सरकारी प्याकेज अपर्याप्त रहेको गुनासो गरेका थिए ।

आइतबार, ढाकाका सडकमा लकडाउनकै बीच सामाजिक दूरीको समेत बेवास्ता गर्दै सयौं गार्मेन्ट मजदूरले प्रदर्शन गरेका थिए । उनीहरुले कामबाट बिमुख भएका दिनको समेत ज्याला पाउनु पर्ने माग राखेका थिए । उनीहरुले आफ्नो माग पूरा नगरिए लकडाउनको उल्लंघनलाई जारी राख्ने बताएका छन् । बंगलादेश सरकारले धार्मिक भेला र प्रदर्शनमा रोक लगाउन सेनालाई पनि सडकमा उतार्नु परेको थियो ।

# विश्वभर दुई लाख ११ हजार बढीको मृत्यु, संक्रमितको संख्या ३० लाख

एएफपी

जेनेभा । विश्वभर महामारीको रुपमा फैलिएको कोरोनाभाइरसबाट दुई लाख ११ हजारभन्दा बढी मानिसको मृत्यु भएको छ भने ३० लाखभन्दा बढी मानिस संक्रमित भएका छन् । नेपाली समयअनुसार मंगलबार मध्यान्हसम्ममा संयुक्तराज्य अमेरिकामा अघिल्लो दिनको तुलनामा मृतकको संख्यामा सामान्य कमी आएको एएफपीले जनाएको छ ।



अमेरिकामा संक्रमितको कूल संख्या १० लाख नाघे पनि विभिन्न राज्यमा मानिसहरु लकडाउन र सामाजिक दूरीका नियमहरुको बेवास्ता गर्दै घरबाहिर निस्कन थालेका छन् ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार २४ घण्टाको अवधिमा १ हजार ३८४ जनाको मृत्यु भएको छ । यो सहित अमेरिकामा विश्वमै सबैभन्दा बढी ५६ हजार ८०३ जनाको मृत्यु भएको छ भने युरोपेली मुलुकहरुमा मृतकको संख्या १ लाख २४ हजारको हाराहारीमा पुगेको छ ।

युरोपेली मुलुकहरुमा समेत गएको २४ घण्टामा दुई हजारको हाराहारीमा मात्र कोरोनाका बिरामीको मृत्यु भएको र संक्रमितको संख्यामा तुलनात्मक रुपमा कमी आएको देखिएको भन्दै लकडाउनमा केही खुकुलो पारिएको र कतिपय मुलुकमा विद्यालयहरु खोल्न थालिएको छ ।

कोरोनाभाइरस सम्बन्धी तथ्याँक उपलब्ध गराउँदै आएको वर्ल्डओमिटर्स डट इन्फोका अनुसार हालसम्म विश्वभर ९ लाख २४ हजार ६३७ जना उपचारपछि घर फर्किएका छन् । अझै पनि ५६ हजार २९१ जनाको स्वास्थ्य अवस्था निकै नाजूक अवस्थामा रहेको छ ।

हाल संक्रमित कूल संक्रमित १९ लाखमध्ये करिब १८ लाख ८० हजार अर्थात् झण्डै ९७ प्रतिशतको स्वास्थ्य अवस्था सामान्य रहेको छ । युरोपेली मुलुकहरुमध्ये इटालीमा २६ हजार ९७७ जना, स्पेनमा २३ हजार ५२१ जना, फ्रान्समा २३ हजार २९३, बेलायतमा २१ हजार ९२ जना, बेल्जियममा ७ हजार २०७ जना, जर्मनीमा ६ हजार १२६ जना, नेदरल्यान्ड्समा ४ हजार ५१८ जना, स्वीडेनमा २ हजार २७४ जना, स्वीट्जरल्यान्डमा १ हजार ६६५ जना, आयरल्यान्डमा १ हजार १०२, पोर्चुगलमा ९२८ जना तथा रसियामा ८६७ जनाको मृत्यु भएको छ ।

यसैगरी, इरानमा ५ हजार ८०६ जना, चीनमा ४ हजार ६३३ जना, ब्राजिलमा ४ हजार ६०३ जना, टर्कीमा २ हजार ९०० जना, क्यानाडामा २ हजार ७०७ जना, मेक्सिकोमा १ हजार ४३४ जना, भारतमा ९३९, इन्डोनेसियामा ७६५ जना, इक्वेडरमा ६६३ जनाको मृत्यु भएको छ ।

# न्युजिल्याण्डमा क्रमश: कामलाई निरन्तरता दिइँदै

एएफपी

वेलिङटन । न्युजिल्याण्डले सोमबार मध्यरातदेखि लागू हुनेगरी बन्दाबन्दीलाई खुलुको पार्ने बताएको छ ।

कोरोनाभाइरसबाट सङ्क्रमितहरूको सङ्ख्या थप पाँच जना देखिएकै दिन सोमबारदेखि लकडाउन खुकुलो पारिएको हो ।

प्रधानमन्त्री जकिन्दा अर्डेनले कोरोनाभाइरसको खतरा कम हुदै गएकाले आर्थिक गम्भीरता र मानवीय सम्वेदनशिलतालाई ध्यान दिँदै लकडाउन खुकुलो पार्न लागिएको बताउनुभयो ।

सोमबारको मध्यरातदेखि केही व्यापारीक केन्द्रहरू, निर्माण कार्यहरूलाई खुल्ला गरिने निर्णय सरकारले गरेको छ ।

तर सामाजिक दुरी कायम गर्ने निमय भने अहिले पनि लागु गर्नुपर्ने सरकारले स्पष्ट पारेको छ ।

# जुलियन असान्जको सुनुवाई नोभेम्बरसम्म स्थगित

एएफपी

लन्डन । विकिलिक्सका संस्थापक जुलियन असान्जलाई संयुक्तराज्य अमेरिका सुपुर्दगी गर्ने या नगर्ने भन्ने सुनुवाई आगामी नोभेम्बरसम्म स्थगित गरिएको छ ।

असान्जका वकीलहरुले कोरोनाभाइरस महामारीका बीच सुनुवाईको कार्य अघि बढाउनु "स्वास्थ्यका कारण खतरा" रहेको दाबी गरेका थिए ।

असान्जलाई स्वीडेन वा संयुक्तराज्य अमेरिकामा सुपुर्दगी गर्ने वा नगर्ने विषयमा आगामी मे १८ मा सुनुवाई आरम्भ गर्ने योजना थियो ।

स्वीडेनमा असान्जमाथि यौन दुर्व्यवहारकोएउटामुद्दाविचाराधीन छ भने संयुक्तराज्य अमेरिकाले असान्जमाथि जासुसीको आरोप लगाएको छ। अमेरिकामा असान्ज दोषी ठहरिए १७५ वर्षको जेलसजाय हुनेछ ।

सुनुवाईको मिति घोषणा गर्दै बेलायतका न्यायाधीश भानिसा बाराइजरले छिटोमा आगामी नोभेम्बर २ देखि मात्र असान्जमाथिको मुद्दाको सुनुवाई हुनेछ । यो सुनुवाई करिब तीन साताको हुनेछ । असान्जलाई गत वर्ष अप्रिलमा लन्डनस्थित इक्वेडरको राजदूतावासबाट लन्डन प्रहरीले गिरफ्तार गरेको थियो ।

अमेरिकाले गिरफ्तार गर्ने र आफ्नो ज्यानको सुरक्षा नभएको भन्दै असान्जले उक्त दूतावासमा झण्डै ८ वर्षदेखि आश्रय लिनु भएको थियो । यद्यपी विकिलिक्सका संस्थापक असान्जले अमेरिका विरुद्ध जासुसीको आरोप खण्डन गर्दै आउनुभएको छ ।

# भारतको मध्यप्रदेशमा दैनिक १२ हजार पीपीई उत्पादन

एएफपी

भूपाल । भारतको मध्य प्रदेश राज्यमा दैनिकरूपमा १२ हजार व्यक्तिगत सुरक्षा पोशाक (पीपीई) उत्पादन भइरहेको छ ।

कोरोनाभाइरसबाट सङ्क्रमणको आशंका गरिएका वा सङ्क्रमण भएका विरामीहरूलाई उपचार गर्ने स्वास्थ्यकर्मीहरूले पीपीई लगाउनु पर्ने भएकोले अहिले पीपीईको माग बढिरहेको छ ।

सरकारी अधिकारीका अनुसार मध्य प्रदेशमा दैनिक दश हजार पीपीइको माग भइरहेको छ । कोरोनाभाइरसको महामारी शुरु भएदेखि यस राज्यमा अहिलेसम्म झण्डै एक लाख ५० हजार पीपीई उत्पादन भइसकेको छ ।

उत्पादन भएका मध्ये करिब ७५ हजार पीपीई इन्दौर र भोपालमा पठाइएको प्रादेशिक औद्योगिक विकास केन्द्रका प्रवन्ध निर्देशक कुमार पुरुषोत्तमले जानकारी दिनुभयो । "मध्यप्रदेश राज्यमा दैनिक दश हजार पीपीईको आवश्यकता पर्दछ, जबकी दैनिक १२ हजार उत्पादन हुदै आएको छ," उहाँले भन्नुभयो । उहाँले प्रकाशित गरेको एउटा विज्ञप्तिमा करिब ४० हजार पीपीई भोपाल र इन्दौरमा भण्डारण गरेर राखिएको उल्लेख छ । उनीहरूले कतिपय अन्य जिल्लाहरूमा ती पीपीई पठाउन पनि थालेको वक्तव्यमा जनाइएको छ । उहाँले स्थानीय अधिकारीको सिफारिसका आधारमा ती पीपीईहरू पठाउने गरिएको पनि जानकारी दिनुभयो ।

एउटा भिडियो बैठकका क्रममा राज्यका मुख्यमन्त्री शिवराज सिंह चौहानले रक्षा अनुसन्धान तथा विकास संगठनले अनुमोदन गरेर पीपीई उत्पादन गर्न थालिएको जानकारी दिनुभयो ।

# भारतमा संक्रमितको संख्या २९ हजार बढी, ९३४ को मृत्यु

एएफपी

नयाँ दिल्ली । भारतमा 'कोविड-१९' संक्रमितको संख्या २९ हजार ४३५ भएको मङ्गलबार जनाइएको छ । गएको २४ घन्टायता भारतमा एक हजार ५४३ कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन् ।



मङ्गलबार बिहानको तथ्यांकअनुसार भारतमा 'कोविड १९' का संक्रमितहरूको संख्या २९ हजार ४३५ जना पुगेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको हो ।

उक्त मन्त्रालयका अनुसार भारतभर गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ६२ जना रहेको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ९३४ पुगेको छ । भारतमा देखिएका यी संक्रमितहरूमध्ये ६ हजार ८६८ जना भने उपचारपछि निको भएर फर्किएका छन् ।

मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ २१ हजार ६३२ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन् । शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । मङ्गलबार पनि यो क्रम जारी नै रहेको उक्त मन्त्रालयले जानकारी दिएको छ ।

महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या ८ हजार ५९० जना पुगेको उक्त मन्त्रालय बताएको छ । यसैबीच महाराष्ट्रमा ३६९ जनाको निधन भएको छ । संक्रमित मध्ये १ हजार २८२ जना भने निको भएका छन् ।

महाराष्ट्रपछि गुजरात यस भाइरसको संक्रमण दोस्रो स्थानमा रहेको छ । स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आज दिएको जानकारीअनुसार गुजरातमा ३ हजार ५४८ सक्रमित रहेका छन् । संक्रमित मध्ये २९४ जना निको भएका छन् भने १६२ जनाको भने मृत्यु भएको छ ।

दिल्लीमा ३ हजार १०८ मा कोरोना भाइरसको संक्रमण देखिएको छ । संक्रमित मध्ये ५४ को ज्यानगएको छ । यसैबीच ८७७ जना उपचारपछि घर फर्किएका समाचारमा जनाइएको छ ।

भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । भारतको राजस्थान, ममध्यप्रदेश, तमिलनाडु, उत्तरप्रदेश, केरला राज्यमा उच्च संक्रमित रहेका र कैयौंको ज्यान गएको छ ।

भारतमा संक्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोविड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना घोषणा गर्नु भएको २१ दिने लकडाउनको अवधि समाप्त हुँदै गरेको अवस्था पुनः १९ दिनको लकडाउनलाई जोडिएको घोषणा गर्नु भएको थियो ।

# नयाँ दिल्लीमा २०० जना स्वास्थ्यकर्मीमा कोविड १९ संक्रमण

एएफपी

नयाँ दिल्ली । भारतको राजधानी नयाँ दिल्लीमा मात्र कोविड १९ का कम्तीमा पनि २०० जना चिकित्सकसहितका स्वास्थ्यकर्मी संक्रमित भएका बताइएको छ । दिल्ली राज्यका स्वास्थ्यमन्त्री सत्येन्द्र जैनले सो कुराको जानकारी दिनुभएको हो । उहाँले नयाँ दिल्लीमा मात्र २०० जना स्वास्थ्यकर्मी कोविड १९को संक्रमण भएका बताउनुभएको हो । उहाँले दिल्लीमा मात्र कोविडका बिरामीको संख्या ३ हजार नाघेको बताउनुभयो । उहाँले यहाँ ३ हजार १०८ जनामा यो संक्रमण देखिएको जानकारी दिनुभयो । उहाँले मङ्गलबार भन्नुभयो- यहाँ सरकारी तथा निजी अस्पताल सबैमा गरेर २०० जना स्वास्थ्यकर्मी कोविड १९ को विरामी परेका छन् । उहाँले यहाँका अस्पतालहरुमा दिन प्रतिदिन संक्रमित हुने स्वास्थ्यकर्मीहरुको संख्या बढ्ने गरेको पनि बताउनुभयो ।



तर उहाँले दिएको जानकरीअनुसार कोविड १९को उपचाराक लागि तोकिएका अस्पतालमा भन्दा बाहिरको अस्पतालका स्वास्थ्यकर्मीहरुमा यो संक्रमण देखिएको बताउनुभयो । उहाँले दिल्लीको बाबु जग्जीवन राम मेमोरियल अस्पतालबाट मात्र ६० जना स्वास्थ्यकर्मीमा यो संक्रमण देखिएको जानकारी दिनुभयो । उहाँले दिल्लीमा मात्र ३ हजार १०८ जना संक्रमित भएकोमा ८७७ जना विरामी निको भएका छन् । हाल त्यहाँ २ हजार १७७ संक्रमित उपचाररत छन् । उहाँका अनुसार हिजोमात्र १९० जना संक्रमित दिल्लीमा थपिएका छन् । यहाँ ५४ जनाको ज्यान गएको छ । उहाँका अनुसार नयाँ दिल्लीमा गएको १३ दिनमा कोविड १९ का संक्रमितको संख्या दोब्बर हुन पुगेको छ ।

स्वास्थ्यमन्त्री जैनले भन्नुभयो- नयाँ दिल्लीमा लकडाउनका कारणले गर्दा यो रोग तीब्र गतिमा फैलिन नपाएको हो र लकडान नगरेको भए यहाँ यो संक्रमण अनियन्त्रित हुनेथियो ।

**लकडाउन कहिलेसम्म लम्बिन्छ ?**

उहाँलाई सम्वाददाताहरुले सोधेको लकडाउन अझ कहिलेसम्म हुन्छ भनी सोधेको प्रश्नमा भन्नुभयो- अझ ७ दिन त बाँकी नै छ, त्यतिन्जेल हेरौं यो संक्रमणको फैलावटको अवस्था कस्तो हुन्छ त्यसैको आधारमा हामी आगामी दिनको बारेमा निर्णय गर्नेछौं ।

हाल त्यहाँ जारी रहेको लकडाउन आगामी मे ३ सम्मका लागि रहने छ । त्यसपछि के गर्ने भन्ने बारेमाा कुनै पनि राज्य तथा केन्द्र सरकारले पनि कुनै निर्णय गरिसकेका छैनन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार मात्र पनि भारतका मुख्यमन्त्रीहरुसँग यस विषयमा भिडियो कन्फ्रेन्स बैठक गर्नुभएको थियो ।

दिल्लीका मुख्यमन्त्री अरबिन्द केजरीवाल पनि सो बैठकमा सहभागी हुनुभएको थियो । मुख्यमन्त्री केजरीवाल भने दिल्लीमा यो संक्रमणको विस्तार दर निकै बढ्दै गएकोले लकडाउनको अवधि थप्नुपर्छ भन्नेमा हुनुभएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

# इटलीले बन्दाबन्दीलाई केही खुकुलो पार्ने

एएफपी

रोम । इटलीमा कोरोना भाइरसको सङ्क्रमण दर विस्तारै कम हुँदै गएको सङ्केत गर्दै प्रधानमन्त्री जिसेपे कोन्टीले आगामी मे ४ देखि उत्पादन, निर्माण र थोक विक्रेताहरूलाई काममा फर्किन सक्ने बताउनुभएको छ ।

राष्ट्रिय टेलिभिजन च्यानलमार्फत् प्रशारण गरिएको भिडियोमा उहाँले भन्नुभयो, "शुरूमा अर्थात् मे ४ देखि उत्पादन, निर्माण र थोक विक्रेताहरू काममा फर्किन सरकारले अनुमति दिने तयारी गरिरहेको छ । अहिलेकै अवस्था रहेमा त्यसपछि खुद्रा व्यापारी, रङ्गशाला, प्रदर्शन भवनहरू र लाइब्रेरीलाई मे १८ पछि खुला गरिनेछ भने बार, रेष्टुरेण्ट, सैलुन र श्रृङ्गार पसलहरूलाई जुन १ देखि खुला गरिनेछ ।"

प्रधानमन्त्रीले मे ४ पछि स्थानीय नागरिकलाई मास्कको प्रयोग गरेर आफ्ना आफन्त भेट्न पार्क तथा सार्वजनिक बगैंचाहरू खुल्ने बताउनुभएको छ । घरबाट करिब २०० मिटरन्दा टाढा जान मोटरसाइकलको प्रयोग गर्न र शारिरीक अभ्यासका लागि हिड्न खुला गरिने प्रधानमन्त्री कोन्टीले बताउनुभयो ।

राष्ट्रिय बन्दाबन्दीको घोषणालाई आगामी मे ३ पछि खुला गर्ने तर दोस्रो चरणका लागि फरक किसिमको नीति अवलम्बन गरिने उहाँले बताउनुभयो । उहाँले सङ्क्रमण बढी रहेको क्षेत्रमा आगामी केही समय नागरिकले कठिनाई परेपनि सहेर सरकारलाई सघाउन र आफ्नो व्यक्तिगत स्वास्थ्यको ख्याल गर्नसमेत आग्रह गर्नुभएको छ ।


मृतकका आफन्तले कम्तीमा १५ जनाको सहभागितामा अन्त्येष्टिमा सहभागिता जनाउन पाउने र सबै व्यक्ति, उद्योग तथा व्यवसायिक फर्महरूले कोरोनाभाइरसबाट बच्न सुरक्षा अनुशासनलाई पालना गर्नुपर्ने र त्यसो नगरेको पाइएमा आवश्यक कानुनी कारबाही हुने पनि प्रधानमन्त्रीले बताउनुभएको छ ।

अझैपनि कोभिड-१९ सङ्क्रमणको सुरक्षा खतरा व्याप्त रहेको छ त्यसैले सामाजिक दूरी कायम गर्ने, मास्क तथा पञ्जाहरूको प्रयोग गर्ने र अनावश्यक भिडभाडमा नजाने गर्नेजस्ता उपाय अवलम्बन गर्दै कोभिड-१९ विरूद्धको लडाईंमा सम्पूर्ण नागरिकको सहयोग अझै पनि केही समयका लागि सरकार तथा स्वास्थ्यकर्मीको अनुरोधलाई मानी सहकार्य गर्न उहाँले आग्रह गर्नुभएको छ ।

इटलीमा विगत २४ घण्टामा २६० जनाको मृत्यु भएको छ भने यो मार्चपछिको सबैभन्दा निम्न सङ्ख्या भएको यहाँको नागरिक सुरक्षा विभागले आइतबार जारी विज्ञप्तिमा उल्लेख छ । इटलीमा सोमबारसम्ममा २६ हजार ६४४ जनाको कोभिड-१९ को सङ्क्रमणका कारण भएको छ भने एक लाख ९७ हजार ६७५ जनामा सङ्क्रमण पुष्टि भएको छ ।

इटलीमा पछिल्ला केही साता यता निको भएर घर फर्किनेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । आइतबारसम्म इटलीमा ६४ हजार ९२८ जना निको भै घर फर्किएका छन् ।

हार्दिक श्रद्धाञ्जली



स्व. राम किशोर यादव

लोहारपट्टी नगरपालिका अन्तर्गत साबिक बगडा गाविसका भू.पू. अध्यक्ष तथा जिविस महोत्तरीका इलाका सदस्य **राम किशोर यादव**को मिति २०७७/०१/१६ मंगलवारका दिन असमायिक निधनको खबरले मर्माहत भएका छौं । अत: शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गर्दै शोक सन्तप्त परिवारलाई माता जानकीले धैर्य धारण गर्ने क्षमता प्रदान गरुन साथै दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

**शैलेन्द्र कुमार यादव**
नगर प्रमुख
तथा
लोहारपट्टी नगरपालिका, महोत्तरी (परिवार)

# कोरोनाविरुद्ध यसरी परिचालित छन् युवा

काठमाण्डु । विश्वभर नै कोरोनाको त्रास उत्तिकै छ । नेपाल पनि त्यसबाट अछुतो छैन । कोरोनाको त्रास कम गर्न र सङ्क्रमण फैलन नदिन सरकारले लकडाउन गरिरहेको छ । यस्तो विषम अवस्थामा नागरिकलाई आधारभूत सेवा उपलब्ध गराउन सरकार प्रयत्नशील छ । सङ्कटको समयमा नागरिकलाई सहज सेवा दिन युवा पनि उत्तिकै क्रियाशील छन् । विभिन्न राजनीतिक दलमा आवद्ध युवादेखि स्वयंसेवीका रूपमा समेत उनीहरूले राष्ट्रलाई परेको सङ्कटमा सहयोगी बनेर खडा भएका छन् । कोही राहत बाँड्न सक्रिय छन् भने कोही जनचेतना जगाउन लागिपरेका छन् । कोही अप्ठ्यारोमा परेका नागरिकलाई आफ्नो थातथलो पुऱ्याउनसमेत खटेका छन् ।

त्यसो त युवा तथा खेलकूद मन्त्रालयले 'कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वमंसेवक परिचालनसम्बन्धी मार्गदर्शनि, २०७६' नै लागू गरेको छ । एकीकृत कार्ययोजनाका साथ कोरोना नियन्त्रण तथा आवश्यक सजगताका लागि मार्गदर्शन जारी गरिएको मन्त्रालयको भनाइ छ । विपद् जोखिम न्यूनीकरणमा जनचेतना अभिवृद्धि गर्ने, विपद्को समयमा खोज उद्धार र राहतका लागि तत्काल परिचालन गर्न स्वमंसेवक ब्यूरो गठन गर्न सकिने व्यवस्था विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा समावेश छ ।प्रहरी, स्थानीय स्वास्थ्यकर्मी, सामुदायिक स्वयंसेवक र महिला स्वास्थ्य स्वयंसेविका, नेपाल रेडक्रम र गैरसरकारी संस्थाले स्थानीय तहका हरेक वडामा कोरोना रोकथाम समूह गठन गरी परिचालन गरिएको मन्त्रालयको भनाइ छ । मन्त्रालयले वडास्तरमा संयोजनको काम वडाध्यक्षले गर्ने गरी तय गरेको छ । स्वयंसेवक समूहको संरचनामा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका एक-एक जना, रेडक्रम तथा गैरसरकारी संस्थाका प्रतिनिधि तीन जना र सुरक्षाकर्मी एक रहने व्यवस्था छ । त्यस्तो समूह आवश्यकतानुसार एउटै वडाका विभिन्न टोलटोलमा समेत गठन गर्न सकिने गरी व्यवस्था छ ।

युवा तथा खेलकूद मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा मानबहादुर वीकेका अनुसार कोरोनासँग जुध्नका लागि स्थानीय तहसँग मिलेर एकीकृतरूपमा युवा परिचालन गरिएको छ । खेलाडी, रेडक्रस स्काउटका स्वयंसेवक तथा राष्ट्रिय युवा परिषद्ले पनि आ-आफ्नो अनुकूलतमा युवा परिचालन गरेका छन् । देशभर नै एकीकृत कार्ययोजनाका साथ युवा परिचालनका लागि युवा तथा खेलकूदमन्त्री जगतबहादुर सुनारको संयोजकत्वमा एक समितिसमेत गठन गरिएको छ ।

मन्त्रालयले कुन स्थानीय तहमा के-कसरी युवा परिचालन गरियो भन्नेबारेमा विवरण उपलब्ध गराउनसमेत आग्रह गरेको छ । विशेषगरी राहत वितरण तथा अलपत्र परेका नागरिकलाई आ-आफ्नो घरमा पुऱ्याउन युवा परिचालित भएका छन् । कोरोनाको जोखिम बढिरहेको क्षेत्रमा स्वाब सङ्कलन गरी प्रयोगशालासम्म पुऱ्याउन स्काउटका स्वयंसेवक लागिपरेको प्रवक्ता डा विकेले जानकारी दिनुभयो । अधिकतम सुरक्षाको प्रबन्ध गरेर स्थानीय निकायमा कुन बढी महत्वपूर्ण काम हो, सोको पहिचान गरेर परिचालित हुन मन्त्रालयले गरेको आग्रहअनुसार नै काम भएको विश्वास व्यक्त गर्दै प्रवक्ता डा वीकेले क्वारेन्टाइनकक्ष निर्माणमा समेत युवाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

कोरोना रोकथाम स्वयंसेवक संयोजन र व्यवस्थापनका लागि समुदाय तहमा वडास्तरीय विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य समितिबाट हुने र समूहको सम्पूर्ण परिचालन वडाध्यक्षले गर्ने गरी व्यवस्था गरिएको छ । समूहका सदस्य परिचालित हुँदा आवश्यक मास्क र स्यानिटाइजरको व्यवस्थापन स्थानीय तहबाट हुनेछ ।

स्थानीय तहमा परिचालित भएका युवाले हात धुन सिकाउने, कोरोनाको सङ्क्रमण देखिएका वा सङ्क्रमित देखिएका व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी अनिवार्यरूपमा क्वारेन्टाइनमा राख्ने र त्यहाँ बस्दा पालना गर्नुपर्ने जिम्मेवारी अनिवार्यरूपमा पालना गर्न लगाउनेजस्ता काम गरेका छन् ।

*हामीले जनचेतना जगाउने, समस्यामा परेकालाई घर पठाउने, भोकै रहेकालाई भोजन गराउनेजस्ता काममा लागिपरेका छौँ", संयोजक सापकोटालेशुरुआती चरणमा क्वारेन्टाइनस्थल निर्माणका लागि स्थानको पहिचान गर्नेदेखि भौतिक सहयोग गर्नेसम्मको काममा सङ्घका सदस्यहरूले सक्रियताका साथ काम गरेको जानकारी दिनुभयो ।*

यस्तै ज्येष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, गर्भवती, सुत्केरी तथा विशेष प्रकृतिका व्यक्तिको स्वास्थ्य सुरक्षामा ध्यान दिने, क्वारेन्टाइनमा बसेर फर्केकाको मनोसामाजिक परामर्श गर्ने तथा समाजमा सहजरूपमा रहन सक्ने गरी वातावरण बनाउनसमेत युवा परिचालितभएका छन् । सरकारको आग्रहअनुसार नै राजनीतिक दल आवद्ध युवासमेत कोरोनाविरुद्धको लडाइँमा सक्रियताका साथ परिचालित भएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को युवा सङ्गठन राष्ट्रिय युवासङ्घ नेपालका संयोजक रामप्रसाद सापकोटा विपद्को समयमा आफ्नो सङ्गठन देशव्यापीरूपमा राहत वितरण, उद्धार तथा आवश्यक समन्वयका लागि परिचालित भएको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "हामीले जनचेतना जगाउने, समस्यामा परेकालाई घर पठाउने, भोकै रहेकालाई भोजन गराउनेजस्ता काममा लागिपरेका छौँ", संयोजक सापकोटाले शुरुआती चरणमा क्वारेन्टाइनस्थल निर्माणका लागि स्थानको पहिचान गर्नेदेखि भौतिक सहयोग गर्नेसम्मको काममा सङ्घका सदस्यहरूले सक्रियताका साथ काम गरेको जानकारी दिनुभयो । सङ्घकै पहलमा राजधानी र प्रमुख शहरहरूमा अलपत्र परेका नागरिकलाई घर पुऱ्याउने प्रबन्ध गरेको छ । सङ्घले झण्डै १० हजारलाई त्यस्तो सेवा पुऱ्याएको संयोजक सापकोटाको भनाइ छ । स्वास्थ्य सामग्रीको खोज, सङ्कलन तथा वितरण गर्नेदेखि व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) उपलब्ध गराउनसमेत सङ्घले प्रमुख भूमिका खेलेको उहाँको भनाइ छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको भातृ सङ्गठन तरुण दलका महामन्त्री भूपेन्द्रजङ्ग शाही लकडाउनको समयमा राहत वितरण तथा उद्धारको काममा परिचालित भएको बताउनुहुन्छ । कोरोनाविरुद्ध जुध्न सरकार मात्रैको पहलले काम नगर्ने भएकाले राजनीतिक दल र विचारभन्दा माथि उठनुपर्ने उहाँको भनाइ छ । "हामीले लकडाउनमा राजधानीमा समस्यामा परेका नागरिकलाई घर पुऱ्याउन लागिपऱ्यौँ भने भोकै परेका नागरिकलाई खाना खुवाउनसमेत लागेका छौँ", महामन्त्री शाहीले भन्नुभयो, "सामान्य अवस्थामा त जो कोही पनि बाँच्न सक्छ, अप्ठ्यारो अवस्थामा नै राजनीतिक दल तथा नेतृत्व आवश्यक पर्दछ भन्ने तथ्य स्थापित गरेर काम गरिरहेका छौँ । रासस

# राहत प्याकेज ल्याउन चेम्बरको आग्रह

काठमाण्डु । निजी क्षेत्रले विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ बाट अर्थ व्यवस्था प्रत्यक्ष प्रभावित भएको भन्दै सुधारका लागि चरणबद्ध राहतका कार्यक्रम ल्याउन सरकारसँग आग्रह गरेको छ । कोभिड-१९ बाट उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा परेको प्रभाव न्यूनीकरण सम्बन्धमा सरकारलाई २९ बुँदे सुझाव दिँदै नेपाल चेम्बर अफ कमर्शले अर्थतन्त्रको कूल आकारको पाँच प्रतिशतसम्मको राहत प्याकेज ल्याउन आग्रह गरेको हो ।

चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले आज उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई २९ बुँदे सुझाव दिँदै लकडाउनसँगै सबैभन्दा बढी असर परेका क्षेत्र तथा सबैस्तरका उद्योगलाई तत्काले अल्पकालीन राहत प्याकेजमार्फत पूरानै अवस्थामा फर्काउन आग्रह गर्नुभयो । उद्योग क्षेत्रलाई विशेष प्याकेजको व्यवस्था गर्न आग्रह गर्दै चेम्बरले कोरोनाबाट प्रभावित सम्पूर्ण निजी क्षेत्रलाई कर, जरिवाना तथा ब्याजमा विशेष छुट दिनसमेत माग गरेको छ । औद्योगिक तथा व्यावसायिक लागत घटाउन सङ्घीय सरकारको कर नीति, विद्युत् महशुल तथा प्रदेश र स्थानीय सरकारका विभिन्न शीर्षकका करलगायतमा पुनरावलोकन हुनु आवश्यक रहेको चेम्बरको भनाइ छ ।

नेपाल राष्ट्र बैंकमार्फत बैंक तथा वित्तीय संस्थाबाट विभिन्न शीर्षकमा कर्जा स्वीकृत गरी ऋण लिइ लामो समयका लागि सोही बैंकबाट कर्जा दिने व्यवस्था तत्काल लागू गर्नुपर्नेमा जोड दिँदै चेम्बरले कोरोनाबाट प्रभावित क्षेत्रको अवस्थाका आधारमा लघु, साना, मझौला तथा ठूला उद्योगहरू लगायत अन्य व्यवसायहरूलाई समेत लामो समयको लागि कर्जा पाउनु पर्ने व्यवस्था गर्न सुझाव दिएको छ ।

यसैगरी चेम्बरले मालवस्तुको उत्पादनमा ह्रास तथा ढुवानी लागत अत्यधिक बढेकोले समग्रमा मालवस्तुको मूल्यवृद्धि देखिएको भन्दै लागतका आधारमा मूल्य निर्धारण गर्न सरकारसँग आग्रह गरेको छ । लकडाउनका कारण श्रमिक गाउँ फर्केको र शहरी श्रमिकसमेत घरबाहिर निस्किन नसक्ने अवस्था रहेकाले मागअनुसार उपभोग्य वस्तुको आपूर्ति गर्न नसकिएको उल्लेख गर्दै चेम्बरले मजदुर व्यवस्थापनका लागि सरकारले सार्वजनिक अपिल गर्ने वा व्यवसायीमार्फत सहज रूपमा पासको व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ ।

आपूर्ति व्यवस्थामा आउन सक्ने सम्भावित जोखिमलाई दृष्टिगत गर्दै खेतीयोग्य जमिन बाँझो राख्न नदिने र कृषिजन्य उद्योगलाइ प्राथमिकता प्रदान तथा सार्वजनिक बितरण प्रणाली सुदृढ बनाई न्यून आय भएका व्यक्तिलाइ राशन कार्डमार्फत उपभोग्य वस्तु उपलब्ध गर्नुपर्ने चेम्बरले जोड दिएको छ ।

**व्यवसायीको समस्या समाधन गर्न सरकार प्रतिबद्ध: मन्त्री भट्ट**

चेम्बरले दिएको सुझाव ग्रहण गर्दै मन्त्री भट्टले उद्योग व्यवसायमा आएको समस्यलाई समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति, वितरण प्रणालीमा सहजता ल्याई जोखिममुक्त तवरबाट उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाउन सरकार प्रयत्नरतशील रहेको उहाँको भनाइ थियो ।

मन्त्री भट्टले अहिलेको विषम परिस्थितिमा निजी क्षेत्रले आपूर्तिलाई सहज बनाइ सुव्यवस्थित गरेकामा धन्यवाद दिँदै निरन्तरता दिन आग्रह गर्नुभयो ।

सार्वजनिक वितरण प्रणालीलाई सुदृढ गर्न सरकार तथा निजी क्षेत्रको साझा प्रयासबाट मात्र सम्भव हुने उहाँको भनाइ थियो ।रासस

# भूकम्प अतिप्रभावित १४ जिल्लामा पुनःनिर्माणमा सदाचार कार्यक्रम

काठमाण्डु । पुनःनिर्माणमा पारदर्शिता कायम गर्न चार वर्षदेखि 'भूकम्पपछिको पुनःनिर्माण र पुनःस्थापनामा सदाचार' कार्यक्रम जारी रहेको छ । भूकम्प अतिप्रभावित गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुङ्गा, सिन्धुली, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाण्डु, ललितपुर र मकवानपुर गरी १४ जिल्लामा नीति-निर्माण, योजना कार्यान्वयन र अनुगमनमा सहकार्य गर्न ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआइ) नेपालले विसं २०७३ देखि सञ्चालन गरेको कार्यक्रमले पारदर्शिता कायम गर्न सहयोग गरेको छ ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा सरकार, स्थानीय तह र साझेदार संस्थाबाट भएका पुनःनिर्माण र पुनःस्थापनाका कार्यमा जबाफदेहीता, पारदर्शिता र गुणस्तर कायम गर्ने उद्देश्यले कार्यक्रम भइरहेको टीआइ नेपालका कार्यक्रम अधिकृत शारदा नेपालीले राससलाई जानकारी दिनुभयो । पुनःनिर्माणसम्बन्धी सरकारी नीति र कार्यक्रममा पारदर्शिता बढाउने, शैक्षिक संस्थाको पुनःनिर्माण समयमै र गुणस्तरीयरूपमा सम्पन्न गर्ने, पुनःनिर्माणसम्बन्धी सार्वजनिक खरिद पारदर्शी र जवाफदेही बनाउन प्रयास गर्ने टीआइ नेपालको उद्देश्य छ । यसैगरी पुनःनिर्माणमा नागरिक समाजको संलग्नता र चासो बढाउने, सञ्चार क्षेत्रको सहयोग लिई पुनःनिर्माणसम्बन्धी सूचना सम्प्रेषण गर्ने, पुनःनिर्माणसम्बन्धी वित्तीय प्रतिवेदनमा नागरिक पहुँच बढाउने, व्यावसायिक र नागरिक सङ्घसंस्थाको पुनःनिर्माणसम्बन्धी प्रयास पारदर्शी बनाउन पनि टीआइ नेपालले भूमिका निर्वाह गरेको छ । पुनःनिर्माणसम्बन्धी सेवा प्रवाहमा युवा र विद्यार्थीको संलग्नता बढाउने, पुनःनिर्माणको गुणस्तरमापन गर्न सहकार्य गर्ने र भूकम्पपीडितको गुनासो सङ्कलन र सम्बोधनमा सहजीकरण गर्ने काम १४ जिल्लामा भइरहेको कार्यक्रम अधिकृत नेपालीले बताउनुभयो ।

कार्यक्रम सञ्चालन गर्न १४ वटै जिल्लामा जिल्ला कार्यालयसहित कार्यक्रम अधिकृतलगायत कर्मचारीको पनि व्यवस्था गरिएको जनाइएको छ । जिल्ला कार्यालय स्थानीय तहका वडास्तरसम्म पुगेर स्थलगतरूपमा अनुगमन गरी काम गरिरहेका छन् । हालसम्म चार लाख ९४ हजार ४४ लाभग्राहीको निजी आवास पुनःनिर्माण सम्पन्न भएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले जनाएको छ । थप एक लाख ९० हजार १४५ आवास पुनःनिर्माणको चरणमा छ । अन्तिम किस्ता भुक्तानीका लागि पाँच लाख ६१ हजार ६५० प्रमाणीकरण गरिएको छ । निजी आवास पुनःनिर्माणका क्रममा करिब पाँच लाख गुनासो सम्बोधन भएको प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेले बताउनुभयो ।

भूकम्पबाट क्षतिग्रस्त सात हजार ५५३ विद्यालयमध्ये पाँच हजार ५९८ विद्यालयको पुनःनिर्माण सम्पन्न भएको छ । एक हजार ४९२ विद्यालय पुनःनिर्माणको क्रममा छन् । भूकम्प प्रभावित ३२ जिल्लाका ९२० सम्पदामध्ये ४०२ को पुनःनिर्माण सम्पन्न भएको छ । एक सय ४१ सम्पदा पुनःनिर्माण भइरहेको प्राधिकरणका पुरातत्व अधिकृत भीष्म बाँस्कोटाले बताउनुभयो । एक हजार १९७ क्षतिग्रस्त स्वास्थ्य संस्थामध्ये ६६९ को पुनःनिर्माण सकिएको छ । एक सय ४५ स्वास्थ्य संस्था पुनःनिर्माणको चरणमा छन् ।

यसैगरी ४१५ सरकारी भवनमध्ये ३४९ को पुनःनिर्माण सम्पन्न भएको छ । उन्पचास सरकारी भवन पुनःनिर्माणको चरणमा छन् । सुरक्षा निकायका १९४ संरचनाको पुनःनिर्माण सम्पन्न भइसकेको छ । बाइस वटा पुनःनिर्माणको क्रममा छन् । कोरोना भाइरसको सङ्क्रमणबाट बच्न चैत ११ गतेदेखि जारी बन्दाबन्दीका कारण पुनःनिर्माणका काम पनि प्रभावित भएको प्राधिकरणले जनाएको छ । आगामी पुसमा प्राधिकरणको पाँच वर्षे कार्यकाल पूरा हुँदै छ ।रासस

***"भूकम्पबाट क्षतिग्रस्त सात हजार ५५३ विद्यालयमध्ये पाँच हजार ५९८ विद्यालयको पुनःनिर्माण सम्पन्न भएको छ । एक हजार ४९२ विद्यालय पुनःनिर्माणको क्रममा छन् । भूकम्प प्रभावित ३२ जिल्लाका ९२० सम्पदामध्ये ४०२ को पुनःनिर्माण सम्पन्न भएको छ । एक सय ४१ सम्पदा पुनःनिर्माण भइरहेको प्राधिकरणका पुरातत्व अधिकृत भीष्म बाँस्कोटाले बताउनुभयो । एक हजार १९७ क्षतिग्रस्त स्वास्थ्य संस्थामध्ये ६६९ को पुनःनिर्माण सकिएको छ । एक सय ४५ स्वास्थ्य संस्था पुनःनिर्माणको चरणमा छन् ।***

# विकास कामको अनुगमन गर्दै सभापति कोइराला

चिप्लेढुङ्गा । गण्डकी प्रदेशका प्रदेशसभा सदस्य एवं अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले विकास निमार्णका काममा चासो दिँदै अनुगमनलाई निरन्तरता दिनुभएको छ । कोइरालाले विश्वभर फैलिएको कोरोना भाइरसका कारण रोकिएका कामलाई अब निरन्तरता दिनुपर्ने भन्दै विभिन्न स्थानको अनुगमन गर्नुभएको हो । कोइरालाले आज आफ्नै निर्वाचन क्षेत्र बेगनासताल बाँधमा भइरहेको कामको अनुगमन गर्नुभयो । उहाँले निर्माण सामग्री र मजदुर ल्याउन समस्या भए आफूलाई खबर गर्न र कामलाई निरन्तरता दिन निर्माण कम्पनीलाई निर्देशन दिनुभयो ।

उहाँले अब विकासको काममा जोड दिनुपर्ने भन्दै सुरक्षित वातावरण तयार गरेर बेरोजगार भएका मजदुरलाई काम गर्ने वातावरण बनाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो । सांसद कोइरालासँगै अनुगमनमा पुग्नुभएका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कास्कीका प्रमुख इन्जिनीयर किरण आचार्यले रु दुई करोडको लागतमा बाँध निर्माण हुनलागेको जानकारी दिनुभयो । कैलाश पर्वत निर्माण सेवाले ठेक्का पाएको बाँध निर्माण यही असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ ।

बन्दाबन्दीका कारण केही दिन काम रोकिए पनि सांसद कोइरालासहित सबैको सहयोगले निर्माणकार्य शुरु भएको उहाँको भनाइ थियो । "बाँध निर्माणका लागि लकडाउन अगाडि खनेर राखेको बाँधको जग वर्षायाम शुरुसँगै निर्माण हुन नसकेर झन् समस्या हुन्छ कि भन्ने चिन्ता थियो । रासस

# बिरामी कुरुवाका लागि खाना



काठमाण्डु । काठमाण्डु महानगरपालिकाले विभिन्न अस्पतालका बिरामी कुरुवालाई खाना खुवाउने व्यवस्था गरेको छ । यसअघि अव्यवस्थितरूपमा रहेका परिवार र जरुरी कामले हिँडेका बटुवा र सडकमा भेटिने असहायलाई खाना खुवाउँदै आएकामा कामपाले बिरामी कुरुवालाई खाना खुवाउने व्यवस्था गरेको हो ।

कामपा वडा नं ३ ले दैनिक तीन हजार ७०० लाई निःशुल्क खाना खुवाइरहेको छ । कोरोना भाइरसको सङ्क्रमण रोक्न सरकारले जारी गरेको लकडाउनका समयमा कमजोर आर्थिक अवस्था भएका, आफ्ना कोही नभएका र दैनिक काम गरेर खानुपर्ने वर्गलाई खानेकुराको व्यवस्था गरिएको कामपा वडा-३ का वडाध्यक्ष दीपक केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार वडाको आग्रहमा बोधिसतुवा बिहारले अव्यवस्थित बस्तीमा भएका परिवार, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज र कान्ति बाल अस्पतालमा भर्ना भएका बिरामीका कुरुवा गरी दैनिक एक हजार ३०० जनाका लागि खानाको व्यवस्था गरिदिएको छ । त्यसैगरी नारायण गोपाल चोकको एरिकल बैङ्क्वेटका तर्फबाट होम बुढाथोकीले दैनिक बिहान एक हजार जनाका लागि, मेघा पार्टी प्यालेसले दैनिक बेलुकी ८०० का लागि, सामुदायिक सेवा केन्द्रबाट गङ्गालाल र न्यूरो अस्पतालमा भर्ना भएका बिरामीका कुरुवा गरी २०० का लागि खाना र पानस पार्टी प्यालेसले लकडाउन व्यवस्थापन गर्न खटिने ४०० राष्ट्रसेवकका लागि खाजाको व्यवस्था गरेको छ ।

त्यसैगरी वडाले अहिलेसम्ममा चार हजार ३०० लाई राहत वितरण गरिसकेको छ । राहत वितरणका लागि वडाले चार क्षेत्रमा बाँडेको छ । राहत दिनका लागि वडामा भएका खाद्य पसलबाट प्रस्ताव माग्ने, थोरै मूल्य कबोल गर्नेसँग वडाको हाम्रो सम्झौता गर्ने र कुपन पाएकाले खाद्य पसलमा गएर प्रचलित व्यवस्थाको उल्लङ्घन नहुने गरी राहत लिँदै आएका छन् । उहाँका अनुसार पहिलो राहत दिएको थाहा नपाएर अहिले सम्पर्कमा आउने मानिस पनि हुनुहुन्छ ।

यसरी छुटेका परिवारलाई अहिले खाद्यान्न उपलब्ध गराउने काम भइरहेको छ । त्यसैगरी कामपाको ३२ वटै वडाबाट भने ६९ हजार ६९१ लाई राहत वितरण गरिसकेको जानकारी दिएको छ ।रासस


## Invitation for Bids

# Kalaiya Hospital

## Kalaiya Bara

**IFB No: -01/H/BARA/076-77**

**Date of publication: 2077/01/16**

1. Province No.2 Government has allocated funds towards the cost of Projects mention below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. Kalaiya Hospital, Bara invites sealed bids from eligible bidders for the construction of Building mentioned below under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kalaiya Hospital, Bara.
4. A complete set of Bidding Documents may be purchased from the office Kalaiya Hospital, Bara. By eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs.3000 till 2077/02/15.
5. Pre-bid meeting shall be held at Kalaiya Hospital, Bara at 13:00 hrs on 2077/02/06.
6. Sealed bids must be submitted to the office Kalaiya Hospital, Bara.by hand/courier on or before 12:00hrs on 2077/02/17. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2077/02/17. At the office of Kalaiya Hospital Bara. Bids must be valid for a period of 90 days after bid opening date

**Information to deposit the bid security in Bank: DharautiKhata**

**Name of the Bank:** Rastriya Banijya Bank, kalaiya, Bara
**Account Holder Office:** Treasury Controller Office, Bara
**Account Number:** 1260502000000
**Office Name:** Kalaiya Hospital, Bara
**Office code** :- 3500021012

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reasons, whatsoever.
11. Bids once submitted shall not be withdrawn or modified.

| S.N | Name of the Project | Contract ID | Estimated Amount (Nrs. Including VAT) | Cost of Bid Documents (Nrs.) | Bid Security amount | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | General Ward Construction (Pre-Fabricated) | H/BARA/W/NCB/076-77/01 | 39,82,410.47 | 3,000.00 | 1,00,000.00 | 120 days from the date of submission of bid |

# रुपैयाँ छरिएको अवस्थामा फेला

टुडे समाचारदाता

राजविराज । जिल्लाको तिरहुत गाउँपालिकामा रुपैयाँका नोटहरु छरिएको अवस्थामा फेला परेको छ । तिरहुत गाउँपालिका वडा नम्बर ८ गोइठीस्थित वस्तीमा मंगलबार बिहान रुपैयाँका केहि नोट छरिएको अवस्थामा फेला परेको हो ।

उक्त ठाउँबाट २ सय ७५ रुपैयाँ छरिएको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यलिय कंचनपुरका प्रमुख प्रहरी नायव उपरीक्षक मकेन्द्र मिश्रले जानकारी दिए। उनका अनुसार रु ५, १०, २०, ५० र सयका नोट छरिएको पाइएको छ।



सोमबार राति नै वस्तीमा नोट छरेको र बिहान स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

प्रहरी चौकी डिमनबाट खटिएको प्रहरी टोलीले उक्त नोट सुरक्षित साथ राखेको बताउँदै नायव उपरीक्षक मिश्रले ती नोटको जाँच गरिने जानकारी दिए ।

# पैदल यात्रीलाई खाना खुवाईने

रञ्जन यादव

जीतपुर। बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलेयामा पदेल यात्रीलाई खाना खुवाईने भएको छ। लकडाउनका कारण समस्यामा परेर गन्तब्यतर्फ जानेहरुलाई युवा संघर्ष समितिले खाना खुवाउने भएको हो ।

पथलैयामा मंगलबार बसेको युवा संघर्ष समितीको भेलाले यस्तो निर्णय गरेको हो । भेलाले खाना खुवाउने कार्यमा आ-आफ्नो स्थानबाट सहयोग गर्न समेत सबेलाई अपिल गरेको छ ।

आफ्नो इच्छा अनुसार आर्थिक एवंम खाद्यान्न सामाग्री सहयोग सकिनेभन्दै उल्लेखित व्यक्तिसंग समन्वय गरी सहयोग गर्न भेलाले आग्रह गरेको हो । युवा संघर्ष समितिका सचिव भुवन थापाले आफुले सक्ने सहयोग गर्न सबेलाई आग्रह गरे ।

# जाँचको लागि चामलको नमुना प्रयोगशाला पठाइयो

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १६ मा वितरण गरिएको चामलको नमूना जाँचको लागि पठाइएको छ।

वडा नं. १६ का विपन्न परिवारलाई सोमबार वितरण गरिएको चामल कुहिएको र ढुसी लागेको संचारमाध्यमहरुमा समाचार आएपछि मंगलबार जाँचको लागि पठाइएको हो।

जनकपुरधाम उपमहानगरपालिकाले मंगलबार पत्रकार सम्मेलन गरी राहत लागि आएको समाग्रीको म्याद र गुणस्तरीय चेकजाँच पश्चात् वितरण कार्य अघि बढाएको दावी गरिएको छ ।

समाजिक सञ्जाल फेसबुक र अनलाइनमा समाचार आएपछि जाँचको लागि चामल खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालयलाई खबर गरेको छौं' उपमेयर रिता कुमारी मिश्रले भनिन्। उपमहानगरपालिकाको १२ वटा वडामा ७ हजार ६ सय विपन्न परिवारलाई राहत वितरण गरिएको छ। ती मध्ये वडा नं. १६ मा ५ सय ४१ जनालाई राहत वितरण गरिएको हो ।

त्याहाँका दुई जना बाहेक अन्य वडाहरुबाट गुनासो आएको छैन, उपमेयर मिश्रले भनिन, 'उपमहानगरपालिकाले गुणस्तरीय राहत वितरण गरिरहेको छ।'

नगरबासीमा कुनै शंका/उपशंका नहोस् त्यसैको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट जाँचको लागि प्रतिनिधि बोलाएको हो, उनले थपिन्।

यता खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले चामल र तोरीको तेललाई परीक्षणको लागि प्रयोगशाला पठाउने भएको छ । परीक्षणको परिणाम दुई वा तीनदिनमा आउने सो कार्यालयका कार्यालय प्रमुख विजय खनालले बताए । जाँचको नतिजा आएपछि बाँकी वडाहरुमा राहत वितरण गर्न उनले आग्रह समेत गरे । जिल्ला प्रशासन कार्यालयबाट खटिएका प्रतिनिधिले चामल बदलिएको देखिएमा वा बदनाम गर्ने नियतले त्यस्तो गरेको पाइएमा कानून अनुसार कारवाही हुने बताएका छन्।

जनकपुरधाम उपमहानगरपालिकाले पहिलो चरणमा १२ वटा वडाका ७ हजार ६ सय परिवारका लागि राहत पठाएको छ।

वडा नम्बर २, ३, ४, ५, ६, , ११, १४, १६, १७, १ र २१ मा राहत पठाइएको हो । वडा नम्बर २ मा ३ सय १५, वडा नम्बर ३ मा २ सय ७०, वडा नम्बर ४ मा १ हजार २ ९, वडा नम्बर ५ मा १ सय ४७, वडा नम्बर ६ मा ५ सय ८, वडा नम्बर ८ मा ७ सय ५४, वडा नम्बर ११ मा ५ सय ८९, वडा नम्बर १४ मा ६ सय १५, वडा नम्बर १६ मा ५ सय ४१, वडा नम्बर १७ मा ९ सय ४१, वडा नम्बर १ मा ६ सय १२, वडा नम्बर २१ मा १ हजार २ सय घरपरिवारका लागि राहत पठाइएको उपमहानगरपालिकाले जनाएको छ।

# २४ घण्टा नबित्दै जिल्ला प्रसाशन कार्यालयको निर्णय फिर्ता

टुडे समाचारदाता

गौर । जिल्ला प्रसाशन कार्यालय रौतहटले २४ घण्टा



नबित्दे आफ्नो निर्णय फिर्ता लिएका छन । सोमबार बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट १६ गते(मंगलबार) देखि प्रत्येक दिन विहान ११ बजेबाट दिउँसो २ बजे सम्म खाद्यान्न तथा आधारभूत उपभोग्य सामग्री बिक्री वितरणको लागि पसल खुल्ला गर्ने निर्णय फिर्ता भएको हो ।

विक्रेताले सामाजिक दुरीको व्यवस्थापन गर्दै पसल खुल्ला गर्ने शर्त सहित पसल खुल्ला गर्ने निर्णय मंगलवार तोकिएको समयमा खुल्ला राख्दा ठूलो भीड भई लकडाउन कार्यान्वयनमा असहज हुने भएकोले १६ गतेदेखि खुल्ला गर्ने निर्णय रद्द गरिएको जिल्ला प्रसाशन कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

कोरोना भाइरसको रोकथाम उपचार तथा नियंत्रणको लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको कारण होम डिलेभरीको गरिएको व्यवस्था प्रति गुनासो आएकोले सहज बनाउने उदेश्यले गरिएको निर्णय दुइ वटा कोभीड् १९ को संक्रमित व्यक्ति फेला परे पछि १५ गते पहिलाको निर्णय अनुसार कार्य गर्न गराउन हुन जिल्ला प्रसाशन कार्यालयले अनुरोध गरिएको छ।

# बच्चाको भै-भगडालाई लिएर कुटाकुटा हुँदा महिलाको मृत्यु

मलगंवा । बच्चाको भै-भगडालाई लिएर कुटाकुटा हुँदा सर्लाहीमा एक महिलाको मृत्यु भएको छ। सर्लाहीको हरिपुर्वा-८ वसन्तपुरमा कुटाकुटा हुँदा ३५ वर्षीया सैदुन खातुनको मृत्यु भएको हो । सोही ठाँउ बस्ने खोधदी अन्सरीसहित उनको परिवारले खातुनलाई कुटपिट गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

कुटपिटबाट गम्भीर घाइते खातुनको उपचारका लागि जानकी अस्पताल जनकपुरमा लैजाँदै गर्दा ज्यान गएको सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिए।

कुटपिटमा संलग्नमध्ये पाँच जनालाई नियन्त्रणमा लिएको र आवश्यक अनुसन्धान भइरहेको उनले जानकारी दिए । मृतक खातुनको शव अहिले प्रादेशिक अस्पताल जनकपुर शवगृहमा राखिएको छ ।रासस

# धोबिनी गापा वडा नं. ५ मा राहत वितरण



लालबाबु बानिया

पोखरिया । बिश्वब्यापी महामारीकोरुपमाफैलिरहेकोकोरोना भाईरसको संक्रमण न्युनिकरण गर्न सरकारले जारी गरेको लकडाउनबाट दैनिक मजदुरी र ज्यालादारी गर्ने परिवारलाई पर्साको धोबिनी गाउँपालिका ले मंगलबार राहत स्वरुप खद्यान समाग्री वितरण गरेका छन्।

धोबिनी गाउँपालिकाको वडा नं ५ धोबिनी र जगरनाथपुर गाउँमा ३ सय ८९ जनालाई राहत स्वरुप खाद्यान्न समाग्री बितरण गरिएको हो । गाउँपालिका अध्यक्ष सुरेश प्रसाद कुर्मीको नेतृत्वमा खाद्यान्न समाग्री बितरण गरिएको छ।

गापा अध्यक्ष कुर्मीले नेपाल सरकारले गरेको लकडाउनमा धोबिनी गाउँपालिकाको जनतालाई आफ्नो घरमा बस्न आग्रह गर्दै टोलटोलमा गाउँपालिकाले राहत समाग्री बितरण गर्ने बताए।

धोबिनी गाउँपालिकाको जनतालाई भोकै बस्न दिदैनौ, उनले भने सबैको घरमा चुलो बल्ने व्यवस्था लिएर आएको बताए।

गाउँपालिकामा रहेको गरिब, बिपन्न, दलित, मजदुरी गरि खाने कमाउने जनतालाई खाद्यान्न समाग्री बितरण गरिने बताए । गाउँपालिकाको वडा नं ५ धोबिनी र जगरनाथपुरका अतिविपन्न परिवारलाई राहत बितरण गरिएको र बाँकीलाई बुधबार बितरण गरिने वडाध्यक्ष मनाउर मियाँले बताए।

धोबिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत चौधरीले गाउँपालिकाले प्रत्येक वडामा सर्वदलीय बैठक बसी बिपन्न, गरिब, दैनिक ज्यालादारी गर्नेहरुको पहिचान गरि राहत वितरण गर्न लागेको हो ।

उनीहरुलाई एक बोरा चामल, खाने तेल, नुन र नगद दुई सय रुपैयाँ बितरण गरिएको छ। राहत विरतणको बेला समाजिक दूरी कायम गरिएको थियो।

खद्यान समाग्री बितरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष पारसनाथ प्रसाद कुर्मी, वडाध्यक्ष मनाउर मियाँ, नेकपाका प्रतिनिधि अबास मियाँ, बलिस्टर मियाँ, कर्मचारी मंसुर खां,तजेन्द्र माली, स्वास्थ्य संयोजक संजय यादव, केशराज प्रसाद कुर्मी, ईलाका प्रहरी कार्यालय लंगडी का प्रमुख बसन्त थापा, मजिद मिया,अबास मिया, पत्रकार लगायतको सहभागीता रहेको थियो।

# मौलापुर नपाले खर्च विवरण गर्यो सार्वजनिक

टुडे समाचारदाता

गौर। रौतहटको मौलापुर नगरपालिकाले कोभिड्- १९ रोकथामको लागि नेपाल सरकारले घोषणा गरेको लकडाउन प्रभावित भएका अति विपन्न, गरिव असहाय, ज्यालादारी गर्ने श्रमिक परिवारलाई वितरण गरेको राहत सामग्री खरिदको खर्च विबरण सार्वजनिक गरेकको छ।

नगरपालिकाले महामारी तथा लकडाउनको अवधिमा खर्च धान्न नसकिने गरिव तथा श्रमिकहरुलाई राहत वितरणको लागि नेपाल सरकार तथा प्रदेश २ सरकारबाट बजेट तथा निर्देशन अनुसार नगरपालिकाले १ हजार घर परिवार र मधेशी महिला समाज उत्थान केन्द्रबाट प्राप्त सह्योगगरी एक हजार ३ सय २६ घर परिवारलाइ पहिलो चरणमा वितरण गरिएको राहत सामग्रीको खर्च विबरण सार्वजनिक गरिएको प्रमुख प्रशासकीय अधिकृत सिकिन्दर साहले बताए।

प्रशासकीय अधिकृत साहले सार्वजनिक गरेको खर्च प्रतिवेदन अनुसार चामल सोना मंसुली २५० क्विंटल प्रति किलो ४० रुपैयाको दरले १० लाख रुपैया तथा मासुरोको दाल ४० क्विंटल प्रति किलो ११० रुपैयाँको दरले ४ लाख ४० हजार रुपैया गरी १४ लाख ४० हजार रुपैयाँ खर्च भएको उल्लेख गरिएको छ।

नगरपालिकाले वड़ा नम्बर १ मा ३१७ , वड़ा नम्बर २ मा १७५ , वड़ा नम्बर ३ मा ९३ , वड़ा नम्बर ४ मा १०० , वड़ा नम्बर ५ मा १३५ वड़ा नम्बर ६ मा १३० वड़ा नम्बर ७ मा १३५ , वड़ा नम्बर ८ मा १२१ र वड़ा नम्बर ९ मा १२० गरी १३२६ घर परिवार लाइ राहत वितरण गरिएको छ। क्वारेंटाइन र मठ मंदिरमा राहत दिइएको छैन ।

प्रदेश सरकारले प्रत्येक नगरपालिकालाई राहत वितरण गर्नको लागि १५ लाखको दरले रकम उपलब्ध गराएको थियो। नेपाल सरकार , प्रदेश सरकार तथा मधेशी महिला समाज उत्थान केन्द्रले गरेको सहयोगको रकम नखुलाए पनि राहत वितरणको आमदनी तथा खर्च विबरण सार्वजानिक गर्ने मौलापुर दोस्रो स्थानीय तह रहेको छ।

# पोखरिया अस्पतालमा स्वाब संकलन बुथ स्थापना

टुडे समाचारदाता

पोखरिया । पर्साको पोखरिया जिल्ला अस्पतालमा कोरोना परिक्षणको लागि स्वाब संकलन बुथ मंगलबार स्थापना गरिएको छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बारा का प्रमुख जकी अहमद अंसारी को सहयोगमा निर्माण गरिएको स्वाब संकलन बुथ केन्द्र एक कार्यक्रमका बिच पोखरिया जिल्ला अस्पताललाई हस्तान्तण गरिएको नगर प्रमुख दिपनारायण रौनियारले जनाए।

स्वाब संकलन बुथ केन्द्र पोखरिया जिल्ला अस्पतालका मेसु डा. अनिल यादवलाई हस्तान्तरण गरिएको हो। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाराका प्रमुख जकी अहम्द अंसारीले जिल्लाको मुटुमा रहेको पोखरिया जिल्ला अस्पतालमा कोरोना परिक्षणको लागि स्वाब संकलन बुथ केन्द्रको आवश्यक्ता औंल्याउँदै अस्पताललाई बितरण गरिएको बताए।

प्रमुख अंसारीले आउने दिनमा पोखरिया अस्पताललाई




आफ्नो तर्फ बाट सकदो सहयोग गर्ने बताए।

उनले बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसबाट बचाउन सरकारले गरेको लकडाउन को पालना गरि जनसमुदायमा घरमै बसिदिनको लागि आग्रह समेत गरे।

घरबाट बाहिर नजान, साबुन पानीले हाथ धुन, मास्क लगाउन र तीन फिटको दुरी बनाएर बस्नुको साथै सरसफाइमा विशेष ध्यान दिन सबैमा आग्रह समेत गरे ।

स्वाब संकलन बुथ केन्द्र बितरण कार्यक्रममा नगर प्रमुख दिपनारायण रौनियार, उप प्रमुख सलमा खातुन, जनता समाजबादी पार्टी नेपालका नेता निजामुदिन समानी, पोखरिया अस्पताल ब्यवस्थापन समितीका अध्यक्ष लक्ष्मन साह कानु लगायतको उपस्थिति रहेको थियो।

नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com